# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## ऋषिङ गाउँपालिका
## तनहुँ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(गण्डकी प्रदेश)**

पत्र संख्याः २०७८।७९
च.नं. ४८ मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री पअध्यक्षज्यू,
ऋषिङ गाउँपालिका, ऋषिङ गाउँकार्यपालिकाको कार्यालय,
तनहुँ ।

**कैफियत सहितको राय**

हामीले ऋषिङ गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड ५६ लाख ७३ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू.२७ लाख ३२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.१ करोड १८ लाख ३ हजार र नियमित गर्नुपर्ने रू.१ करोड ११ लाख ३८ हजार रहेको छ ।पालिकाको गतवर्ष रु १२ करोड ५४ लाख २४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १५ करोड १० लाख ९७ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

ऋषिङ्ग गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४७ | ५३ | २५६७३ | ० | ० | ० | ४७ | ५३ | २५६७३ | २७३२ | १११३८ | ११८०३ | ० | ० | २२९४१ | ० |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | १२५४२४ | ० | ० | १२५४२४ | ० | २५६७३ | १५१०९७ |

**पुनश्च:** प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश भएकोमा यथाशिघ्र सम्परीक्षण गरी सोको जानकारी गराईने व्यहोरा अनुरोध छ ।

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : ऋषिङ गाउँपालिका, तनहुँ , र्हिशिंग गाउँपालिका , तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | टिका बहादुर गोदार | २०७८-७-२४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | चण्डिका पौडेल | २०७७-४-१ | |
| लेखा प्रमुख | Dinesh Kumar Timsena | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | २५,६७३,३५३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ८,६४,२३,४२९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३४,२०,७६,५६० | चालु खर्च | २३,४६,८७,१८६ |
| प्रदेश सरकारबाट अनुदान | १,८५,३२,००० | पूँजीगत खर्च | २०,१४,७४,६९२ |
| राजश्व बाँडफाँट | ७,४०,२०,०७९ | वित्तीय/अन्य व्यवस्था | १७,१०,३३,७९३ |
| आन्तरिक आय | ८५,०४,५६१ | | |
| अन्य आय | १०,५१,२७,९४३ | | |
| कुल आय | ५४,८२,६१,१४३ | कुल खर्च | ६०,७१,९५,६७१ |
| बाँकी मौज्दात | | २,४९,५२,७४२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस ऋषिङ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, ४५ सभा सदस्य, १२५वर्ग किलोमिटर क्षेत्रफल तथा २५८७० जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण<br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>वित्तिय विवरण
<table>
<tr><th colspan="5">प्राप्तीभुक्तानी हिसाव</th></tr>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="3">यस वर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैलेगरेको प्राप्ति/भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>४७१५५८९००</td><td>४४६२३३२००.२</td><td>४४६२३३२००.२</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>४६६३५८९००</td><td>४४५२३३२००.२</td><td>४४५२३३२००.२</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>९३१३६३४०</td><td>७६६५७१८५.२३</td><td>७६६५७१८५.२३</td></tr>
<tr><td>१३००० अनुदान</td><td></td><td>३६७३२२५६०</td><td>३६२७०८५६०</td><td>३६२७०८५६०</td></tr>
<tr><td>संघीय सरकार</td><td>१२</td><td>३४१९३८५६०</td><td>३४२०७६५६०</td><td>३४२०७६५६०</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>१२</td><td>२२३८४०००</td><td>१८५३२०००</td><td>१८५३२०००</td></tr>
<tr><td>अन्तरिक श्रोत</td><td>१२</td><td>३००००००</td><td>२१०००००</td><td>२१०००००</td></tr>
<tr><td>१४००० अन्य राजस्व</td><td></td><td>५९०००००</td><td>५८६७४५४.९७</td><td>५८६७४५४.९७</td></tr>
<tr><td>ख. अन्य प्राप्ति</td><td></td><td>५२०००००</td><td>१००००००</td><td>१००००००</td></tr>
<tr><td>वितरण गर्न बाकी राजस्व</td><td></td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>कोषहरु</td><td></td><td>५२०००००</td><td>१००००००</td><td>१००००००</td></tr>
<tr><td>धरौटी</td><td></td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम</td><td></td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>भुक्तानी (ग+घ)</td><td></td><td>५५१५५८९००</td><td>४३६१६१८७८.७१</td><td>४३६१६१८७८.७१</td></tr>
<tr><td>ग. भुक्तानी (सञ्चित कोषबाट)</td><td></td><td>५४६३५८९००</td><td>४३८६९८०३७.५४</td><td>४३८६९८०३७.५४</td></tr>
<tr><td>२१००० पारिश्रमिक / सुविधा</td><td>१८</td><td>१८८९३५८१०</td><td>१६६२६०८४५.१२</td><td>१६६२६०८४५.१२</td></tr>
<tr><td>२२००० मालसामान तथा सेवाको उपयोग</td><td>१८</td><td>६२३९८०००</td><td>४५२३४२७४.३४</td><td>४५२३४२७४.३४</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | १८ | १९१६५००० | १४३५४२२२ | १४३५४२२२ |
| २६००० अनुदान | १८ | ९२५००० | ८०९००० | ८०९००० |
| २७००० सामाजिक सुरक्षा | १८ | १३०८१७५० | १०४२९२४३.८३ | १०४२९२४३.८३ |
| २८००० अन्य खर्च | १८ | ७००००० | १३५७६० | १३५७६० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २६११५३३४० | २०१४७४६९२.२५ | २०१४७४६९२.२५ |
| घ. अन्य भूक्तानी | | ५२००००० | -२५३६१५८.८३ | -२५३६१५८.८३ |
| कोषहरु | | ५२००००० | ० | ० |
| धरौटी | | ० | ० | ० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२५३६१५८.८३ | -२५३६१५८.८३ |
| ङ. यो वर्षको बचत (न्युन) | | -८००००००० | १००७१३२१.४९ | १००७१३२१.४९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५६७९२३७४.२६ | ५६७९२३७४.२६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -८००००००० | ६६८६३६९५.७५ | ६६८६३६९५.७५ |
| बैंक तथा नगद बाकी | २४ | | ६७५२३८४५.७५ | ६७५२३८४५.७५ |

अन्तरसरकारी वित्तिय हस्तान्तरणवाट प्राप्त आम्दानी तथा खर्च

| आम्दानी | रकम | खर्च | रकम |
|---|---|---|---|
| स्थानीय पुर्वाधारविकास साझेदारी | ६६९४८०० | स्थानीय पुर्वाधार विकास साझेदारी | ६६९४८०० |
| प्रशासकिय भवनपुर्वाधार भवन कार्यक्रम | ९०००००० | प्रशासकिय भवन पुर्वाधार भवन कार्यक्रम | ९०००००० |
| सामाजिक सुरक्षा | ७८५३७३५६ | सामाजिक सुरक्षा | ७८५३७३५६ |
| कार्यसञ्चालन कोष | ५००००० | कार्यसञ्चालन कोष | ५००००० |
| आन्तरिक मामिला तथाकानुन मन्त्रालय | ४३००० | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४३००० |
| सामाजिक विकासमन्त्रालय | १६९७५० | सामाजिक विकास मन्त्रालय | १६९७५० |
| उधोग पर्यटन वन तथावातावरण मन्त्रालय | ३०००००० | उधोग पर्यटन वन तथा वातावरण मन्त्रालय | ३०००००० |
| एकिकृत स्वास्थ्यपुर्वाधार विकास कार्यक्रम | ७७२६०३७ | एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | ७७२६०३७ |
| जम्मा | १०५६७०९४३ | जम्मा | १०५६७०९४३ |

४

**वित्तिय विवरणः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSASअनुरूप)म=ले=प=फा= नं= २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>· स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।<br>· पालिकाले पेश गरेको विवरण अनुसार शर्शत अनुदान फिर्ता पश्चात वर्षान्तको वास्तविक वाँकी मौज्दात रु.२४९५२७४२।४० रहेकोमा सुत्रको वित्तिय विवरणको प्राप्ती भुक्तानी हिसावमा वैक तथा नगद वाँकी रु.६७५२३८४५।३३ देखिन्छ। वित्तिय प्रतिवेदन र पालिकाले उपलव्ध गराएको विवरणको फरक सम्वन्धमा पालिकाले शर्शत अनुदान फिर्ता नभएको रकम समेत गरी वित्तिय प्रतिवेदनमा समावेश भएको र फिर्ता पशतात वास्तविक मौज्दात रु.२४९५२७४२।४० रहेको कार्यालयको भनाई रहेको छ।पालिकाले वैक हिसाव मिलान विवरण तयार नगरेकोले श्रेस्ता र वैक मौज्दात फरक फरक देखिएकोले वैक हिसाव मिलान विवरण तयार गरी श्रेस्ता तथा वैक मौज्दात विचको फरक एकिन गर अद्यावधिक गर्नुपर्ने देखिन्छ।<br>· पालिकाको आ व २०७६।७७ को अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्तिम मौज्दात रु.86,423,429.33 रहेकोमा सुत्रको वित्तिय प्रतिवेदनमा गत वर्षको जिम्मेवारी सारिएको रकम रु.५६७९२३७४।२६ मात्र जिम्मेवारी सारिएको देखिन्छ। जिम्मेवारी फरक परेको सम्वन्धमा एकिन गरी हिसाव मिलान गर्नुपर्दछ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन । | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>· पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा श्रावणमा मात्र संचित कोष दाखिला गरेको पाईयो ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· गाउँपालिका मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>· मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | · सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वियनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन।<br>· निजामती सेवा ऐन, 2049 को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· निजामती सेवा ऐन, 2049 को दफा 7 (2) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित खर्च लेखेको पाईयो ।जसले गर्दा ग्रेड रकम भिडान गर्ने अवस्था छैन।<br>· वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको,<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेकोकारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,<br>· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा १२.५ मा एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा लगत कट्टा गर्ने व्यवस्था रहेकोमा कार्यालयले लगत कट्टाको विवरण नराखेको साथै बैंक बाट निष्क्रिय खाताको विवरण माग गरी लगतको अद्यावधिक नगरेको, जसवाट निष्क्रिय भएका लाभग्राहिलाई समेत भत्ता जाने जोखिम देखिएको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद (९) क मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>· आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिनर कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहलेनियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु= ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,<br>· स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **वैक हिसाव मिलान नगरेकोः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म=ले=प=फा= नं= २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको विभिन्न खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको देखिएन। पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी श्रेष्ता अद्यावधिक गर्नुपर्दछ । | |
| ७ | | | **क्षेत्रगत वजेट र खर्चः**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। | |

| क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | विनियोजनमध्ये खर्च (%) |
|---|---|---|---|
| आर्थिक विकास | ३२२७१८१० | २२९८८३६३ | ७१ |
| सामाजिक विकास | २४६९४६७५० | २१०२८१२३४ | ८५ |
| पूर्वाधार विकास | १८१७०८३४० | १४०५७६९८७ | ७७ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | १८१००००० | १५१०३९५० | ८३ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ६७३३२००० | ६१४७५९०० | ९१ |
| जम्मा | ५४६३५८९०० | ४५०४२६३९१ | ८२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **सुत्रमा पोष्टिङ नभएकोः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० मा स्थानीयतहकोआर्थिककार्यप्रणालीरप्रशासनिककामकारबाहीमाएकरूपताकायमगर्नतथापारदर्शिता तथा जवाफदेहित प्रवर्द्धन गर्न त्यस्तो क्षेत्रमा प्रयोग गर्नुपर्ने सूचान प्रविधिको ढाँचा तोक्न सक्नेछ भन्ने व्यवस्था छ ।जसअनुसार नेपाल सरकारले सवै स्थानीय तहहरुमा सुत्र सफ्टव◌ेयर प्रयोगमा ल्याएको छ । तर यस पालिकाले देहायअनुसारका खर्चहरु सुत्रमा पोष्टीङ गरेको छैन त्यसैले सुत्रवाट देखिएका तथ्यांकले यस गाउँपालिकाको यथार्थ आय व्ययको चित्रण गर्दैन । यसमा सुधार गरी सुत्रको पुर्णरुपमा कार्यान्वयन गर्नुपर्दछ । | |

| क्र सं | विवरण | पोष्टीङ नभएको खर्च रकम | पोष्टीङ नहुनुमा कार्यालयले खुलाएको कारण |
|---|---|---|---|
| १ | गाउँपालिका पुँजिगततर्फ प्रशासनिक भवनको भुक्तानी समेत | ११७२८३५४।५४ | २०७७।०७।०४ मा म्यानुअल भुक्तानी |
| २ | विपद् व्यवस्थापनतर्फ | २७२५१४४ | सुत्रमा पोष्टिङ नगरी म्यानुअल भुक्तानी |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **योजना छनौट तथा कार्यान्वियन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन। | |

| क्र सं | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | ८ | ४८५००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | २१८ | ५४५००००० |
| ३ | रु ५ लाख एक देखि १० लाख सम्मका योजना | ५७ | ४५०००००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | १२ | १४५००००० |
| ५ | ५0 लाख भन्दा माथिका योजनाहरु | ५ | ७३७००००० |
| | जम्मा | ३०० | १८८१८५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **योजना सुचि तयार नगरेकोः**<br>स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (४) गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्ने व्यवस्था छ । सम्पुर्ण आयोजना तथा योजनाहरु एक वर्षे रुपमा स्वीकृत गरी कार्यान्वयन गरेको देखिन्छ भने कतिपय आयोजनाहरु आर्थिक वर्षमा नसकिएकोमा अर्को वर्षमा सारी क्रमागत योजना भनी कार्यान्वयन गरेको पाईन्छ । स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउने सन्दर्भमा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्नेमा सो गरेको पाईएन । मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची बनाई विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास तथा कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| ११ | | | **योजना छनौट तथा कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा दफा २४ (३) मा गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त, गर्न सकिने आम्दानी र रोजगार बढ्ने, लागत सहभागिता जुट्ने, स्थानीय श्रोत साधन र सीपको प्रयोग, समावेशी विकासमा योगदान, दीगो विकास र वातावरणीय संरक्षण, स्थानीय भाषिक, सांस्कृतिक विकास जस्ता विषयलाई प्राथमिकता दिनु पर्ने ब्यवस्था छ । सो कुरालाई मध्यनजर गरी आयोजना प्राथमिकता गरेको पाईएन । कानुनमा भएको ब्यवस्था परिपालना गरी दिगो विकास तथा गरिवी निवारणमा सहयोग पुग्ने आयोजना प्राथमिकिकरण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **ठेक्का व्यवस्थापनमा ढिलाईः** सार्वजनिक खरिद नियमावली, २०६४ (८) (१) (ग)मा खरिद कारबाहीको समय तालिका उल्लेख गर्नुपर्ने ब्यवस्था छ । सो अनुसार खरिद योजना बनाई खरिद कारबाहीको समय तालिका उल्लेख गरेको देखिदैन । निम्नानुसारको ५० लाख भन्दा माथीको निर्माण कार्य खरिद संझौता मंशिर महिना पछि गरेको देखिन्छ । खरिद संझौता प्रथम चौमासिक भित्रै सम्पन्न गरी निर्मांण कार्य समय तालिका अनुसार गर्नुपर्दछ ।उदाहरणको रुपमा निम्न लिखित पचास लाख माथीको ठुला ठेक्का ब्यवस्थापनलाई लिन सकिन्छ । | |

| निर्माण कार्य | संझौता मिति | सम्पन्न गर्नु पर्ने | भ्याट सहित लागत अनुमान | संझौता रकम | खर्च | कैफिएत |
|---|---|---|---|---|---|---|
| ढुङ्गादे सपाङ्गदी रुपटार मोटर मार्ग वडा नं ६ | २०७७।८।९ | २०७८।२।३० | १६६६५८१८।६८ | १०२५१६६२।८८ | १०२४६६७२।५५ | म्याद थप |
| झापुटार सडक दोस्रो | २०७७।९।२९ | २०७८।३।२९ | ९९८४११९।३१ | ६७०३१४४।४० | ० | म्याद थप |
| श्रृङ्गपथ मोटर मार्ग ३ | २०७७।९।२९ | २०७८।३।२८ | १५९८९४५७।०७ | १०२२६८३३।४२ | १९५९८७१।२९ | म्याद थप |
| श्रृङ्गपथ मोटर मार्ग ४ | २०७७।१०।२७ | २०७८।४।२७ | ९९८९०८५।४५ | ६६६१९८९।८० | ० | म्याद थप |
| प्राथमिक अस्पताल १० वेड | २०७८।३।६ | २०८०।३।५ | १२८१०८०५९।६५ | ७७७९७९८७।६५ | ६७५०००० | पेश्की |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **रकमान्तरः**<br>अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २९ मा वजेटमा पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने उल्लेख गरेको छ । यस पालिकाले गाउँसभावाट विभिन्न खर्च शिर्षकवाट रु.१३२९१६००।०० रकम घटाइ कार्यक्रम संसोधन मार्फत विभिन्न शिर्षक तथा योजनामा रकमान्तर गरेको छ ।असारमा वजेट तथा कार्यक्रम वनाउदा यसमा पर्याप्त गृहकार्य नगर्नु तथा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण पटक पटक कार्यक्रम संसोधन भएको देखिन्छ।नियममा भएको व्यवस्थाको पालना नभएकोले यसमा सुधार गर्नुपर्ने देखिएको छ | |
| १४ | | | **चौमासिक खर्चः**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ | |

| पूँजीगत खर्च शीर्षकको वजेट | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | अषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| पूँजीगत खर्च | २१३२०२ | ४३४६६ | ४४४०० | १२५३३६ | ७७४७६ |
| खर्च प्रतिशत | १०० | २०.३८ | २०.८४ | ५८.७८ | ३६.३३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **सेवा प्रवाहः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म तथा मृत्यु दर्ता १२६५वटा, नाता प्रमाणित ४४२वटा, घरवाटो शिफारिश १८९वटा, नागरीकता शिफारिश ११०४वटा, तथा अन्य २७०वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेखआदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथामापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ | |
| १६ | | | **करार कर्मचारीः**<br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा स्वास्थ्यमा २५ जना तथा अन्यमा ३३ जना कर्मचारीहरु करारमा राखी रु.१२८७४८५४।००खर्च लेखेको छ।<br>त्यसैगरी सोही ऐन २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक पनि विभिन्न पदमा करारमा राखेको छ भने रिक्त दरवन्दी नभएको पदमा समेत करारमा राखी खर्च गरेको देखियो ।स्थायी पदपुर्ती पश्चात पनि कम्प्युटर अपरेटर पदमा मासीक २८२००। को दरले वार्षिक ३६६६००। तथा सहायक कम्प्युटर अपरेटर पदमा ४ जना, सहायक पदमा २ जना र सवइन्जिनियर पदमा २ जना राखी रु ३१७५३८०। भुक्तानी गरेकोले उक्त रकम अनियमित देखिएको रु | ३,१७५,३८० |
| १७ | | | **कर्मचारी प्रोत्साहन भत्ताः**<br>- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्षकरार तथा स्थायी ८ जना कर्मचारीलाइ मासीक रु ७४०००।०० को दरले वार्षिक रु ८८८०००।०० भुक्तानी दिएको देखियो ।कानुन निर्माण नगरी तथा आन्तरिक आयलाई वढाउनेतर्फ ध्यान नपुर्याएकोलेप्रोत्साहन वापत खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा प्रयोगमा नआएकोः**<br>पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन।पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(**PAMS**) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ। | |
| १९ | | | **योगदानमा आधारित निवृतीभरण रकममा कर्मचारीको योगदान नरहेकोः**<br>निवृतीभरण कोष ऐनको २०७५ को दफा १० मा कार्यालयले कर्मचारीको मासिक तलववाट ६ प्रतिशत रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फवाट सत प्रतिशत रकम थप गरी निवृतीभरण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले यस वर्ष कार्यालयको दिर्घकालिन दायित्व कम गर्ने भनी कर्मचारीको योगदान विना विविध खर्च खाताम रु. ५ लाख ट्रान्सफर गरेको छ भने कोष सञ्चालन गर्ने सम्वनधमा कुनै कार्यविधी तथा कानुन निर्माण गरेको छैन।कार्यालयले कर्मचारीको योगदान समेत हुने गरी योगदानमा आधारित निवृतीभरण कार्यन्वयन गर्नुपर्दछ। | |
| २० | | | **खर्चका विल भरपाई नभएकोः**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ५७(१) मा सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले भौ नं ३० वाट चिन वहादुर रानामगरलाई भुक्तानी गरेको रु.२३९००।०० को विल भरपाई पेश नभएको तथा प्रायोजन समेत नखुलेकोले खर्च पुष्टी गर्ने कागजात पेश गर्नुपर्ने | २३,९०० |
| २१ | | | **युवा स्वरोजगार कार्यक्रमः** | |
| २१.१ | | | पालिकाले युवा स्वरोजगार कार्यक्रम अन्रतर्गत ड्राइभिङ तालिम दिन भिमाद ड्राइभिङ इन्स्टिच्युटसंग मिति २०७८ वैशाख १२ गते पालिकाद्धारा सिफारिस गरिएका व्यक्तिहरुलाई १ महिना (सार्वजनिक विदा कटाई २६ दिन) प्रतिव्यक्ति रु.१२५०० का दरले तालिम दिने सम्झौता गरी भौचर नं ५०१।२०७८।०३।२३ मा रु.७७५०००।०० भुक्तानी गरेको छ।यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.२ | | | **लकडाउनको समयमा भौतिक उपस्थितीमा तालिम सञ्चालनः** विश्वव्यापी फैलिएको कोरोना महामारीवाट तनहुँ जिल्लामा पनि प्रभाव परेको भनी जिल्ला प्रशासन कार्यालय तनहुँ प्रमुख जिल्ला अधिकारीवाट मिति २०७८।०१।२१ जारी भएको आदेशको वुँदा नं ३(क) मा सिनेमा हल, पार्टी प्यालेस, डान्स वार, दोहोरी, नाचघर, क्वव, हेल्थ क्लव, जिमखाना, स्वमिङ पुल, सभा, आमसभा, जुलुस, हाटवजार, रंगशालामा हुने दर्शक सहितको खेलकुद, तालिम, सेमिनार, भौतिक उपस्थितीमा सञ्चालन हुने शिक्षण प्रशिक्षण र मानिसहरुको भिडमाड हुने सवै प्रकारका कार्यक्रम वन्द गर्ने आदेश जारी भई २०७८।०३।१५ सम्म पनि सोही आदेशको निरन्तरता र थप कडाईका साथ पालना भएको अवस्थामा मिति २०७८ वैशाख १२ गते सम्झौता भई तोकिएको समयमै तालिम सम्पन्न भयो भनी भुक्तानी दिनु औचित्यपुर्ण देखिदैन।यसरी विश्वव्यापी कोरोना संक्रमण र निशेधाज्ञाको समयमा तालिम कार्यक्रम सम्पन्न भएको भनी भुक्तानी दिएको सम्वन्धमा छानविन गरी एकिन गर्नुपर्ने रु.... | ७४७,००० |
| २१.३ | | | **कर कट्टी नगरेकोः** आयकर ऐन २०५८ को दफा ८८ तथा ८९ मा सेवाको भुक्तानी गर्दा १५ % कर कट्टी गर्नुपर्ने उल्लेख छ । कार्यालयले भिमाद ड्राइभिङ इन्स्टिच्युट लाई भुक्तानी गर्दा मु अ कर विजक वेगर सेवा वापतको भुक्तानी गर्दा १५ प्रतिशत करकट्टी गरी भुक्तानी गर्नुपर्नेमा १३ प्रतिशत मात्र करकट्टी गरी भुक्तानी गरेकोले नपुग कर रु.१५५००।०० कट्टी नगरी भुक्तानी भएकोले वढी भुक्तानी रकम असूल गर्नुपर्ने रु... | १५,५०० |
| २१.४ | | | **वढी भुक्तानीः** ड्राइभिङ इन्स्टिच्युटले पालिकामा पेश गरेको हाजिरी परीक्षण गर्दा जम्मा १६०३ हाजिरी उपस्थीती देखिन्छ।जसलाई २६ दिनको दरले हिसाव गर्दा ६१ जनाको रु.७६२५००।०० मात्र भुक्तानी गर्नु पर्नेमा ७७५५००।०० भुक्तानी भएकोले वढी भुक्तानी रु१२५००।०० असूल गर्नुपर्ने रु.. | १२,५०० |
| २२ | ५१ | २०७७-७-२६ | **यातयात सुविधा वढी भुक्तानीः**<br>गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा १६ मा पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य कुनै पनि सुविधा छैनन भनी व्यवस्था रहेकोमा पालिकाले आ व २०७६।७७ को समिक्षा गोष्ठीमा उपस्थित भए वापत ३८ जना पदाधिकारी तथा गाउँपालिकाको केन्द्रमा (कार्यक्रमस्थलमा) कार्यरत १८ जना कर्मचारीलाई रु.५०० का दरले यातयात खर्च उपलव्ध गराएकोले कानुनविपरित भुक्तानी भएको रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु... | २८,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>सुचना प्रकाशन खर्चः<br>कार्यालयले खर्च गर्दा मितव्ययी तरिकाले खर्च गर्नुपर्दछ। पालिकाले कार्यालयका विभिन्न सुचनाहरु जस्तैः वोलपत्र आह्वान, आसयको सुचना, जस्ता विविध सुचना पत्रपत्रिकामा प्रकाशन गरी भौ नं ११८ देखि १२१ सम्म रु. १४३४६३५।००खर्च लेखेको देखिन्छ। सार्वजनिक निकायले खर्च गर्दा मितव्ययी तरिकाले खर्च गर्नुपर्नेमा सुचना प्रकाशनमा पटक पटक गरी ठुलो मात्रामा खर्च भएको देखिन्छ।यस्तो खर्चमा नियन्त्रण गरी एकैपटक सुचना प्रकाशन गरी सार्वजनिक खर्चमा मितव्ययितता कायम गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>विद्यालयको कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः<br>विद्यायलमा शौक्षिक गुणास्तर सुदृढीकरण एवंम कार्यसम्पादानमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न छनौट भएको विद्यालयलाई प्रति विद्यालय ६ लाख ५० हजारका दरले अनुदान दिने।उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक,सन्दर्भ सामाग्री तथा लाइव्रेरी, विज्ञान प्रयोगशाला शिक्षण सिकाईका लागि ICT ल्याब को लागि खर्च गर्ने सकिने। विद्यालयले उक्त सामाग्रि खरिद गर्दा नमुना माध्यामिक विद्यालय व्यवस्थापन निर्देशिका,२०७४ को सम्बन्धित खण्ड र अनुसुचीमा भएको आधार र स्पेसिफिकेसनको परिधिभित्र रहेर सार्वजनिक खरिद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरु पुरा गरी सामाग्री खरिद गर्ने । अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वियन गरे नगरेको नियमितरुपमा अनुगमन गर्ने व्यवस्था विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.१३ मा उल्लेख छ।यस पालिकाले देहाय बमोजिमका विद्यालयलाई उक्त अनुदान रकम निकासा गरेकोमा खरिद प्रक्रियाको पालना गरेको नदेखिएको र शैक्षिक सामाग्रि विद्यालयको जिन्सि खातामा दाखिला गरेको प्रमाण पेश नभएको साथै निर्धारित मापदण्ड र प्रक्रिया अनुरुपका अनुगमन मुल्यांकन गर्नुपर्ने देखिन्छ।<br>
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>कार्यक्रमको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>बाल शिक्षा निकेतन मा वि</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>शहिद गंगा मा वि</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>३</td><td>शान्ति मा वि</td><td>पुस्तकालय</td><td>६५००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९५००००।</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **पाठ्यपुस्तक अनुदानः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.४.६.१ मा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान उपलव्ध गराउदा विद्यार्थी संख्या र पाठ्यपुस्तको दरको आधारमा सुरुवातमा ७५ प्रतिशत तथा भर्ना पश्चात विद्यार्थी संख्या एकिन गरी नपुग २५ प्रतिशत पाठ्यपुस्तक अनुदान उपलव्ध गराउने व्यवस्था भएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं ३९५ मिति २०७८।०२।२५ को पत्रानुसार आ व २०७७।७८ को शैक्षिक सत्र २०७८ अषाढ १ गते देखि मात्र प्रारम्भ हुने र त्यसपछी भर्ना भएका विद्यार्थीको विवरण पाठ्यपुस्तक खरिद र वितरणको अवस्था यकिन गरी नपुग हुने अनुदान रकम निकासाको पक्रिया अगाडी वढाँउदा चालु आ.व समाप्त हुने भएकोले विद्यालयमा विद्यार्थी भर्ना भई संख्या एकिन हुन नसकेमा शैक्षिक सत्र २०७७ को भर्ना संख्यालाई आधार मानि निशुल्क पाठ्यपुस्तक वापतको सत प्रतिशत अनुदान विद्यालयमा निकसा दिने परिपत्र भएकोमा पालिकाले ४४ विद्यालयलाई विद्यार्थि संख्याको ७५ प्रतिशत रकम अनुदान दिएको छ। थप अनुदान दिदा पालिकाले देहायको विद्यालयलाई पाठ्यपुस्तक खरिदको विल पेश गरेको भन्दा बढी भुक्तानी दिएकोले बढी निकासा भएको असुल हुनुपर्ने रु | १०,४४५ |

| विद्यालयको नाम | ७५ प्रतिशत निकास रकम | थप निकासा | विल भरपाई पेश भएको | बढी निकासा |
|---|---|---|---|---|
| शिव सरस्वति मा वि | २७८३२९ | १०१३४१ | ३७६३१६ | ३३५४ |
| महेन्द्रदय मा वि | १११००१ | १९९२७ | १२९४०५ | १५२३ |
| शंकर प्रा वि | १२५६ | ० | विद्यार्थि नभएको | १२५६ |
| बाल विकास प्रा वि | ४३२१ | | विद्यार्थि नभएको | 4321 |
| जम्मा | | | | १०४४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **छात्रवृति बढी निकासाः** आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नु पर्ने उल्लेख छ।यस कार्यालयले निम्न विद्यालयलाईभौ नं १०८।२०७८।०२।२४ वाट आ.व ०७७।७८ को भुक्तानी दिएकोमा देहायको विद्यालयलाई बढी छात्रवृति निकासा दिएको देखियो । तसर्थ बढी निकासा दिएको रकम असुल गरि सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने रु | ६१,४४२ |

| सि न | विद्यालयको नाम | निकासा रकम | वितरण रकम | बढी रकम |
|---|---|---|---|---|
| १ | राष्टिय आ वि | १७२०० | १४४०० | २८०० |
| २ | सहित गंगा मा वि | ५२४०० | ५०४०० | २००० |
| ३ | शिव सरस्वति मा वि | ३६८०० | १८८०० | १८००० |
| ४ | शंकर प्रा वि | ३६०० | विद्यार्थि नभएको | ३६०० |
| ५ | बाल विकास प्रा वि | ४३२१ | विद्यार्थि नभएको | ४३२१ |
| जम्मा | | | | ३०७२१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **विद्यालय सुधार योजना तथा लेखापरीक्षण अनुदानः**<br>स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये आधारभुत तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु १५ हजार तथा माध्यामिक तह संचालित विद्यालयका लागि प्रति विद्यालय रु २० हजारको दरले विद्यालय सुधार योजना वापत एकमुष्ट अनुदान निकासा दिने र यस प्रकारको अनुदान रकम विद्यालय सुधार योजना निर्माण सहयोगि पुस्तिका,२०७४ बमोजिम विद्यालय सुधार योजना(SIP) निर्माण तथा अद्यावधिक गरेको विद्यालयहरुलाई मात्र उपलब्ध गराउने साथै स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह (कक्षा १ देखि ५,कक्षा १ देखि ८) सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह (कक्षा १ देखि १०, कक्षा १ देखि १२ ) सम्म सञ्चालित प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतका क्रियाकलाप सञ्चालन गर्नका लागि एकमुष्ट अनुदान निकासा दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेख छ । पालिकाले यस आ.व. २०७७।७८ मा ४५ वटा विद्यालयका नाममा विद्यालय सुधार योजना र सामाजिक लेखापरिक्षण बापत रु १२०००००।निकासा खर्च लेखेको छ ।विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७\|७८ मा यस्तो रकम निकासा गर्दा प्रत्येक विद्यालयले विद्यालय सुधार योजना पुस्तीका तयार गरी स्थानीय निकायमा पेश गरे पश्चातमात्र माथि उल्लेखीत दरमा उपरोक्त बमोजिमको रकम अनुदान निकासा दिनुपर्ने उल्लेख भएतापनि सो सुधार योजना र लेखापरीक्षण प्रतिवेदन संलग्न नगरी उक्त रकम अनुदान निकासा दिनु निर्देशिका विपरित देखिन्छ। अनुदान निकासा दिएका ४५ विद्यालयबाट विद्यलाय सुधार योजना पुस्तीका र लेखापरीक्षण गरेको प्रमाण पेश गर्नुपर्ने रु | १,२००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>करारको कर्मचारीको पोशाक खर्च भुक्तानीः<br>प्रशासन मन्त्रालयको च नं २१७ मिति २०७४।१।२५ को पत्राअनुसार सेवा करारमा कार्यरत स्वीकृत दरवन्दी भित्रका कर्मचारीलाइ शुरु तलव स्केल र कम्तीमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपामा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व साथै सालबसाली रुपमा एक पटक चैत महिनामा पोशाक भत्ता दिन मिल्ने उल्लेख गरेको छ ।पालिकाले निम्न विद्यालयको करारमा नियुक्त भएको शिक्षक हरुको छ महिना नपुग्दै पोशाक भत्ता दिनु नमिल्ने देखिएको अनियमित देखिएको रु
<table>
<tr><th>विद्यालको नाम</th><th>शिक्षकको नाम</th><th>हाजिर मिति</th><th>पोसाक निकास रकम</th></tr>
<tr><td>शहिद गंगा मा वि</td><td>निरा थापा लुङ्गेली</td><td>२०७७।१०।८</td><td>१००००</td></tr>
<tr><td>अमर आ वि</td><td>शनि थापा आले मगर</td><td>२०७७।१०।१८</td><td>१००००</td></tr>
<tr><td>धर्म आ वि</td><td>अमिता थापा</td><td>२०७७।१०।१४</td><td>१००००</td></tr>
<tr><td>राधा आ वि</td><td>शर्मिला परियार</td><td>२०७७।०९।०६</td><td>१००००</td></tr>
<tr><td>पदमज्योति आ वि</td><td>प्रकाश माझी</td><td>२०७७।०९।१३</td><td>१००००</td></tr>
<tr><td>सहविर आ वि</td><td>सुनिता थापा</td><td>२०७७।१०।१६</td><td>१००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६००००।</td></tr>
</table></td><td>६०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **शिर्षक फरक पारी खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १९(२) मा विनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायि अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुनेछ।तथाएकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ पालिकाले संघिय ससर्त अन्तर्गत पाठ्यपुस्तक अनुदान कार्यक्रम बाट खर्च गर्नुपर्नेमा अन्य कार्यक्रम बाट खर्च गरेकोले पालिकाले स्विकृत बजेट तथा कार्यक्रम अनुसार खर्च गर्नुपर्दछ। रु | १,०२८,९०० |

| भौ नं | खर्चको व्यहोरा | खर्च गर्नुपर्ने शिर्षकको नाम | खर्च गरेको शिर्षकको नाम | खर्च रकम |
|---|---|---|---|---|
| २१८ | सामुदायकि विद्यालयहरुलाई पाठ्यपुस्तक अनुदान | सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरुका लागि छात्रवृत्ति | ७१६९०० |
| | सामुदायकि विद्यालयहरुलाई पाठ्यपुस्तक अनुदान | सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | सिकाई सहजिकरण अनुदान | ३१२००० |
| | जम्मा | | | १०२८९०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>पेश्की बाँकी<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फर्छ्यट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार म्याद समाप्त नभएको पेश्की हालसम्म फछ्र्यौट नगरेकोले उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।<br>
<table>
<tr><th>सि नं</th><th>गो भौ नं</th><th>पेश्की लिने व्यक्ति,फर्म</th><th>रकम</th></tr>
<tr><td>१</td><td>३</td><td>हेजल बिल्डर्स एण्ड सप्लार्स प्रा लि</td><td>२६००००</td></tr>
<tr><td>२</td><td>५</td><td>हेजल बिल्डर्स एण्ड सप्लार्स प्रा लि</td><td>६५००००</td></tr>
<tr><td>३</td><td>१७२</td><td>सुलभ धामि जे भि</td><td>६६००००</td></tr>
<tr><td>४</td><td>२४</td><td>सुलभ धामि जे भि</td><td>५२००००</td></tr>
<tr><td></td><td></td><td></td><td>२०९००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>आन्तरिक आयतर्फ देखिएका व्योहराहरुः</td><td></td></tr>
<tr><td>३१.१</td><td></td><td></td><td>प्राकृतिक श्रोतको परिचालनः ढुंगा गिटी बालुवा उत्खनन् र संकलन कार्यको प्रारम्भिक वातवरणिय परीक्षण प्रतिवेदन अनुसार सेती गण्डकी गोरावगर नदी घाटबाट १३३७ घनमिटर रु २४७ घनमिटरले हुन आउने राजश्व रु ३३०२३९। उत्खनन् एवं संकलन गर्ने उल्लेख छ । उल्लिखित घाटको ठेक्का नलागेको देखिन्छ । साथै कार्यालयले आफ्नै जनशक्ति मार्फत सकलन गर्ने प्रयत्न गरेको देखिदैन । यस सम्बन्धमा पालिका राजश्व परामर्श समितिको पनि भुमिका रहेको देखिदैन ।स्थानीय राजश्व परामर्श समितिको राय सझावको आधारमा ठेक्का सुचना अंकमा परिमार्जन तथा संसोधन गरी ठेक्का लगाउने वातावरण निर्माण गरी रु ३३०२३९। गाउपालिकामा प्राप्त हुने वातवरण निर्माण गरिनुपर्दछ । कार्यलयको भनाई अनुसार ठेक्का सुचना निकाल्दा पनि ठेक्का नलागेको साथै कार्यालयमा जनशक्तिको पनि कमि रहेकेले गर्दा राजश्व संकलन नभएको भनाई रहेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.२ | | | **ठेक्का सकार नगरेकोः** गडगडीघाट र मधुवनघाट ढुंगा, गिटी बालुवा उत्खनन् र बिक्रि वितरण ठेक्का ब्यवस्थापन सम्बन्धमा देखिएको ब्यहोरा निम्नानुसार छन् । | ९२,७५० |

| विवरण | परीमाण (घनमिटर) | न्यूनतम कबोल अंक |
|---|---|---|
| **गडगडी घाट** | **२९५०** | **८४००००** |
| बढी कबोल गर्ने ब्यवसायी | भिरकोट कन्स्टक्सन | १३५५००० |
| दोस्रो बढी कवोल गर्ने ब्यवसायी | वि.एस.कन्स्टक्सन | ९००००० |
| **मधुवन घाट** | **१५४०** | **४४००००** |
| बढी कबोल गर्ने ब्यवसायी | वि.एस.कन्स्टक्सन | ४५०००० |
| दोस्रो बढी कवोल गर्ने ब्यवसायी | नभएको | ० |

Ø भिरकोट कन्टक्सनले गडगडी घाटको लागि कबोल अंकको ५० प्रतिशत संझौताको बखत बुझाउनु पर्नेमा सो रकम बुझाउन नसकि संझौता हुन सकेको देखिदैन । दोस्रा बढी कबोल गर्ने वि.एस. कन्टक्सनलाई संझौता गर्न आउन मिति २०७७।८।२२ मा ७ दिने सुचना जारी गरेपनि सो समयावधीमा संझौता गर्न आएको देखिदैन । त्यसै गरी वि.एस.कन्टक्सनले मधुवन घाटको लागि संझौता गर्न आउने सुचना जारी गरेपनि संझौता गर्न आएको देखिदैन । यस घाटको लागि ४ वटा दरभाउपत्र परेपनि वि.एस.कन्टक्सन बाहेक अन्यको धरौटी बैक जम्मा नगरेकोले अमान्य भएको देखिएकोले दोस्रो बढी कबोल गर्ने ब्यवसायी नरहेको देखिन्छ ।

Ø

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६५(९)१० मा कुनै काम गर्न धरौटी वा जमानत राख्नु पर्ने भई राखिएको धरौटी वा जमानत त्यस्तो काम पूरा नगरेको कारणले प्रचलित कानून बमोजिम वा करारको शर्तनामा बमोजिम जफत गर्नु पर्ने भएमा कार्यालय प्रमुखले निर्णय गरी त्यस्तो धरौटी वा जमानतको रकम जफत गर्नु पर्नेछ । भिरकोट कन्टक्सन र वि.एस. कन्टक्सनले राखेको धरौटी वापतको रकम रु.६७७५०। र रु २५०००। गरी जम्मा रु.९२७५०। सदर स्याहा गरी सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

Ø भिरकोट कन्टक्सन र वि.एस. कन्टक्सनले ठेक्का नसकारेको कारणबाट कार्यालयलाई क्रमशः रु.१५५१४७५। र रु.५१५२५०। गरी जम्मा रु.२०६६७२५। राजश्व गुमेको अवस्था छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.३ | | | **प्रारम्भिक वातवरणिय परिक्षण प्रतिवेदन ( IEE) भन्दा वढी परिमाणको ठेक्का** प्रारम्भिक वातवरणिय परीक्षण प्रतिवदेनमा उल्लेखित परिमाण भन्दा बढी उत्खनन् तथा संकलन एवं बिक्रि वितरण गर्न नपाउने ब्यवस्था संझौतामा उल्लेखित छ । यस गाउपालिकाको कुलुङ खोला घाटबाट २४३० घनमिटर मात्र उत्खनन् एवं विक्रि वितरण गर्न सक्नेमा २४७५ घनमिटर संकलन गर्न सक्ने गरी रु.८०२६४५। संझौता गरेको देखिन्छ । यसरी ४५ घनमिटर **IEE** भन्दा बढी परिमाणको ठेक्का संझौता गरेकोले संझौताको समानुपातिक अंशले हुन आउने रु.१४५९३। नियम सम्मत् देखिएन । **त्यसै गरी** सुढेवगर घाट दाँया किनार विन्दीघाटको प्रारम्भिक वातवरणिय परीक्षाण प्रतिवेदनामा विन्दीघाटबाट ढुंगा गिटी बालुवा उत्खनन प्रस्ताव अस्वीकार गरीएकोमा समेत रु ४५९१४५। ठेक्का लगाएको नियम सम्मत देखिएन ।<br>**IEE** को पूर्ण पालना गरी पर्यावरणिय विषयमा ध्यान दिई दिगोपनको सुनिश्चितता गर्नुपर्दछ । | ४७३,७३८ |
| ३१.४ | | | **राजश्व छुटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१)र(२) मा पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने ब्यवस्था छ । यस नगरपालिकाले ढुंगा, गिटी, वालुवा उत्खनन् तथा संकलन गरे वापत प्राकृतिक श्रोत उपयोग कर लिन सक्ने ब्यवस्था वमोजिम आर्थिक ऐन २०७७ ले तोकेको दरमा ठेक्का व्यवस्थापन गरी कर असुल गरेता पनि पटके निर्णयको आधारमा वोलपत्र सुचनाको बखत मै ५ प्रतिशत छुट दिने घोषणा गरीएकोले ४ ठेक्का घुमारीघाट लुम्दीदोभान भतेरीघाट सिगुवाघाट र टुनिवोटको जम्मा कवोल अंकको रु.२१४२१००। को रु.१०७१०५। छुट दिएको देखिन्छ । कानुनी मापदण्ड विना यसरी छुट दिएको जम्मा रु.१०७१०५। नियम सम्मत देखिएन । प्राकृतिक श्रोत उपयोग कर र स्थानीय शुल्कबापत प्राप्त राजश्व प्राप्ती तथा छुटलाई ब्यवस्थित गर्न यस सम्बन्धि कार्यविधी तथा मापदण्ड बनाई लागु गर्नु पर्दछ । | १०७,१०५ |
| ३१.५ | | | **राजश्व जम्माः**आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१)मा प्रचलित कानुन अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार ब्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैक दाखिला गर्नुपर्नेछ । नगदी रसिदबाट उठेको राजश्व बैक दाखिला ढिलो गरेको देखिन्छ ।उदाहरणको रुपमा वडा नं ४ ले श्रावण देखि पुष सम्मको रु २४२२१९। माघमा जम्मा गरेको छ । त्यस्तै वडा नं ७ को श्रावण भाद्र असोजको राजश्व असोजमा रु १६४१९७। जम्मा गरेको देखिन्छ । कानुनको पालना गरी समय मै दाखिला गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.६ | | | **राजश्व एकिन नभएकोः** नदीजन्य वस्तु संकलनको राजश्वको असुलीको लागि वडा नं १ ले मिति २०७७।१०।५ मा नगदी रसिद सि नं २५१ देखी १०००। आ व २०७६।७७ मा छपाएको पुरानो रसिद _१५ ठेली लगेकोमा हाल सम्म नगदी रसिद वापत कति उठो र कति बाँकी रहेको भनी एकिन गरी कार्यालयमा फरफराक गरेको देखिएन। पालिकाको आर्थिक ऐनमा ब्यवस्था भए अनुसार प्रति रसिद प्रति ट्याक्टर टिप रु ७००। का दरले पन्ध्र ठेलीबाट हुन आउने रु ५२५०००।को हिसाव टुंगो लगाउनु पर्दछ । यस सम्बन्धमा छानविन गरी न्युनतम रकम भन्दा बढी उठाएको सम्बन्धमा सो समेत एकिन गरी असुल गर्नुपर्दछ । | ५२५,००० |
| ३२ | | | **सोझै औषधि खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ ।पालिकाले मिति २०७८।०१।३० मा स्टोर र स्वास्थ्य शाखाको टिप्पणीका आधारमा कोरोरा रोकथाम नियन्त्रण गर्नकोलागि भनि मिति २०७८।०२।०३ को निर्णय अनुसार चिराग फार्मेसीबाट रु २३१५८४८ को औषधि सोझै खरिद गरेकोमा विविध खाताबाट रु ५००००० र प्रकोप व्यवस्थापन कोषबाट रु १८१५८४८ भुक्तानी गरेको छ । सार्वजिनक खरिद नियमावली विपरित गरेको खर्च अनियमित देखिएको रु | २,३१५,८४८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **कोरोना आय व्याय**<br>पालिकाले पेश गरेको विवरण अनुसार आ व २०७७।७८ मा कोरोना तर्फको आय व्याय विवरण देहायवमोजिम छ । | |

| आम्दानीको स्रोत | २०७८ असार मसान्त सम्म प्राप्त रकम (रु हजारमा) | खर्च शिर्षक | २०७८ असार मसान्त सम्मको खर्च (रु हजारमा) |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | १००० | राहात वितरण | |
| प्रदेश सञ्चित कोषबाट | | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | २०६० | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | ५०० |
| संघीय कोभिड कोषबाट | | जनशक्ति परिचालन | ४७१ |
| प्रदेश कोभिड कोषबाट | | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | २३८४ |
| अन्य स्रोतबाट प्राप्त | ६५० | स्वास्थ्य पूर्वाधार निर्माण | |
| | | अन्य शीर्षकमा भएको खर्च | ७५ |
| जम्मा | ३७१० | जम्मा | ३७१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **अनुगमन तथा भ्रमण खर्चः**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.२३ लाख २३ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| ३५ | | | **खाना तथा विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्षविविध शिर्षकवाट ४७ लाख ३३ हजार खाना खाजा लगायत विविध खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ तथा प्रयोजन खुल्दैन ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।कार्यालयका अनुसार विविध शिर्षकवाट अन्य कार्यक्रमहरु समेत सञ्चालन भएकोले ठुलो रकम विविध शिर्षकवाट खर्च भएको कार्यालयको भनाई रहेको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **अनुत्पादक तथा वितरणमुखि कार्यक्रमः**<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक तथा वितरणमुखी प्रयोजनमा रु.५ लाख १ हजार खर्च गरेको देखिन्छ।यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |

| गो भौ न | कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम | रकम |
|---|---|---|
| २१२ | झापुटार सभाहल उद्घाटन समारोह खर्च | ५६००० |
| २३९ | ढाक्रेखोला पुल उद्घाटन समारोह खर्च | १५६९०० |
| २९३ | औधोगिक ग्राम शिलन्यास कार्यक्रम खर्च | २३४०० |
| ४४ | ऋषिङ युवा क्लव खेलकुद कार्यक्रम सहयोग | २५००० |
| ७५,३९१ | शिद्ध वाराही युवा क्लव खेलकुद कार्यक्रम सहयोग | ५०००० |
| ३२४ | सेटाङ्ग होमस्टे उद्घाटन खर्च | ११५००० |
| ३९३ | शान्ति सेवा युवा क्लव खेलकुद सहयोग | २५००० |
| ४५१ | ऋषिङ युवा क्लव फुटवल कार्यक्रम | ३०००० |
| ४५३ | ऋषिङ युवा क्लव भलिवल कार्यक्रम | २०००० |
| जम्मा | | ५०१३०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस आर्थिक वर्ष शिलवन्दि र कोटेशनबाट रु ४७४१०११ को औषधी सप्लाई गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः<br>· आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेकोकारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,<br>· आपूर्ति भएका औषधी एवंसर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,<br>· औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाटहस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>· म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको,<br>· पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३८ | | | **कृषि अनुदानमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन।** | |
| ३८.१ | | | सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ ।कार्यालयले गतवर्षको समेत यसवर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन। | |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ८ | वडा नं ८ कृषि अनुदान रकम | २८०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ९ | वडा नं २ कृषि व्यवसाय प्रर्वद्धनको लागि कृषि अनुदान | ४००००० | | |
| | | | | १० | वडा नं ४ को कृषि व्यवसाय प्रर्वद्धन अनुदान | ३६०००० | | |
| | | | | ११ | वडा नं ६ को कृषि अनुदान | ४००००० | | |
| | | | | १२ | वडा नं ७ को कृषि अनुदान | ३८०००० | | |
| | | | | १३ | वडा न ८ का कृषकलाई आ व २०७६।७७ को कृषि अनुदान | ५८००० | | |
| | | | | १५ | वडा नं ७ का कृषकलाई गत आ व को कृषि अनुदान | ६०००० | | |
| | | | | १८ | वडा नं ४ का कृषकलाई कृषि अनुदान | ७३००० | | |
| | | | | १९ | कृषि अनुदान वितरण | ६७००० | | |
| | | | | ३१ | कृषि अनुदान वडा नं ३ | ६३००० | | |
| | | | | ३९ | कृषि अनुदान वडा नं २ | ५३००० | | |
| | | | | ४२ | कृषि अनुदान वडा नं १ | ७१००० | | |
| | | | | ४३ | कृषि अनुदान वडा नं ३ | ४००००० | | |
| | | | | ४९ | वडा नं ६ कृषि अनुदान | ५१००० | | |
| | | | | १०० | वडा नं कृषि अनुदान २० जनालाई भुक्तानी | ४००००० | | |
| | | | यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन। | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८.२ | | | (क) अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।<br>(ख) कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।<br>(ग) अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन।साथै वाख्राको खोर सुधार कार्यक्रम, कुखुराको खोर सुधार कार्यक्रम तथा पलास्टिक टनेल निर्माण कार्यमा निर्माण सामाग्री खरिदको विलको आधारमा अनुदान वितरण भएको र निर्माण कार्यको प्राविधिक मुल्यांकन नभएकोले अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन<br>(घ) पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रम विभिन्न वडावाट सञ्चालन गरेको भएता पनी कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ।साथै मापदण्डमा एकरुपता नहुँदा कुनै वडामा एउटै प्रकृतीको कार्यक्रममा लागत सहभागिता र कुनै वडामा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ। | |
| ३८.३ | | | **कृषि अनुदानमा वढीभुक्तानीः** १००।०७७।८।१२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ।पालिकाले वडा सिफारिसका आधारमा वडा नं ५ का २० जना कृषकलाई कृषकले पेश गरेको विलको आधारमा प्रतिव्यक्ती रु.२००००।०० का दरले अनुदान उपलव्ध गराएकोमा कृषकले पेश गरेको एकमुष्ठ विल रकम रु३८५१२५।०० मात्र देखिएकोले विल रकमभन्दा वढी भुक्तानी भएको अनुदान रकम रु.१४८७५ सम्वन्धितवाट असूल गर्नुपर्ने रु... | १४,८७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **पारिश्रमिक करः**<br>आयकर ऐन, २०५८ को दफा २२(२) मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त हूने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नूपर्ने र दफा २३ मा कूनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधिनमा रही रोजगारी वा लगानीबाट भएको आयको गणनाको लेखाङ्कन नगद आधारमा गर्दा निजले भूक्तानी प्राप्त गर्दा वा निजलाई सो भूक्तानी उपलब्ध हूंदाको अवस्थामा मात्र निजको आय गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नूपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका पदाधिकारी तथा कर्मचारीको वार्षिक कर गणना गरी भुक्तानी गर्दा कम पारिश्रमिक करकट्टा गरेको देखिएकोले नपुग कर असूल गर्नुपर्ने रु.... | ९३,५२७ |

| नाम | वार्षिक आम्दानी | कुल कटंटी | करयोग्य आय | जम्मा कर | तिरेको कर | वाँकी कर |
|---|---|---|---|---|---|---|
| राजेन्द्रकृष्ण श्रेष्ठ | ५१३००० | १०००० | ५०३००० | ९८०० | ४४७० | ५३३० |
| गिनुमाया थापा | ६०७००० | १०००० | ५९७००० | २३३०० | १२६०० | १०७०० |
| चण्डिका पौडेल | ९०४०८८ | १८६२५६ | ७१७८३२ | ४८०६६ | ७१७८ | ४०८८८ |
| दिनेश तिम्सिना | ७४५६८८ | १८२३५६ | ५६३३३२ | १७१६६ | ५६३३ | ११५३३ |
| चिन वहादुर रानाभाट | ७०९६८८ | १२३८५६ | ५८५८३२ | २१६६६ | ५८५८ | १५८०८ |
| सुभाष चन्द्र रानाभाट | ५६५६९८ | ९८८५६ | ४६६८४२ | ६१८४ | ४६६८ | १५१६ |
| उमकान्त पौडेल | ७०७५७२ | १८२५८४ | ५२४९८८ | ११९९९ | ५२४९ | ६७५० |
| रमेश ढकाल | ५७६७८८ | ११५६५६ | ४६११३२ | ५६१३ | ४६११ | १००२ |
| | | | | | | ९३५२७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **पालिका अनुदानवाट शिक्षक तलव भत्ताः**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।पालिकाले स्वीकृत दरबन्दी वेगर पालिकावाट तलव भत्ता खाने गरी पालिकाभित्र विभिन्न विद्यालयलाई निकासा दिई खर्च लेखेको देखिन्छ। पालिकाभित्रका विद्यालयलयको स्विकृत शिक्षक दरवन्दी पुर्ण रुपमा पदपुर्ती भई शिक्षकहरु कार्यरत रहेको अवस्थामा समेत वडा तथा गाउँपालिका कार्यालयवाट निर्णय गरी वजेट विनियोजन तथा रकमान्तर गरी विद्यालयलाई निजि शिक्षक व्यवस्थापन. एस इ ई विद्यार्थी कोचिङ कक्षा सञ्चालन र वालविकास तथा विद्यालय कर्मचारी लाई थप सुविधा वापत विभिन्न भौचरवाट २०७६५००।०० अनुदान दिइएको देखिन्छ।अनुदान पश्चात सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक सुधारको सम्वन्धमा अनुगमन गरी सुधार नभएको विद्यालयलाई आन्तरिक स्रोतको अनुदान निकासा गर्ने सम्वन्धमा अनुगमन तथा मुल्यांकन भएको देखिदैन।पालिकाले सार्वजनिक स्रोतको खर्चपश्चात सोको प्रतिफलको अध्ययन गरी पुन सोही शिर्षकमा अनुदान निकासा गर्नुपर्ने देखिन्छ। | |
| ४१ | | | **तालिम कार्यक्रमको प्रमाण नभएकोः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ।कार्यालयले सम्पती कर कार्यान्वयनको लागी २०७७।०४।०१ देखि २०७७।०४।२६ सम्म कार्य गरेको भनी यातयात खर्च र पारीश्रमिक वपात एकमुष्ठ रु.१२९०००।०० मा १५ प्रतिशत करकट्टी गरी टेकनाथ सापकोटालाई भुक्तानी गरेको देखिन्छ।पालिकाको सुत्र सफ्टवेयरको वित्तिय प्रतिवेदन (२७२) को आन्तरिक आय अन्तर्गत सम्पती करको संकलन अवस्था हेर्दा आ.व २०७७।७८ मा रु.४६११२।०० मात्र सम्पती कर संकलन भएको देखिन्छ। सम्पती कर संकलन गर्नको लागी संकलित कर रकमको तिन गुणा वढी खर्च गरेको एवम् सम्पती कर तालिममा प्रशिक्षार्थीको उपस्थिती प्रशिक्षकको हाजिरी र कार्यक्रम सञ्चालन भएको फोटो लगायतका प्रमाण पनि समावेश नगरी भुक्तानी दिएको देखिन्छ।यसरी खर्चको प्रमाण तथा प्रभाकारिता नभएको क्षेत्रमा स्विकृत कार्यक्रम प्रस्ताव वेगर खर्च गरेकोले सोको यथार्थत एकिन गरी कार्यक्रम नभएको खण्डमा उक्त रकम असूल गर्नुपर्ने रु.... | १२९,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **वैठक भत्ता वढी भुक्तानीः**<br>३९२।०७८।०३।०८ कार्यसञ्चालन निर्देशिका २०७७ को वुँदा नै ७.१.१ मा वैठक भत्ता भुक्तानी गर्दा वैठक कार्यालय समय अघि वा पछि भएको हुनुपर्ने र एउटै निकायका पदाधिकारी/कर्मचारी मात्र वस्ने वैठकमा वैठक भत्ता उपलव्ध नगराउने व्यवस्था भएकोमा पालिकाले सुचना प्रविधि अधिकृत पदपुर्ती गर्न मिति २०७८ जेठ २३ गते विहान ९ वजे दिउसो १ वजे र वेलुका ४ वजे वसेको भनी ५ जनाले प्रतिवैठक रु.१५००।०० का दरले एकै दिन ३ वैठकको वैठक भत्ता भुक्तानी भएको देखिन्छ।त्यसै गरी आइटी अधिकृत पदको प्रश्नपत्र तथा कि निर्माण गरेको भनी सो क्षेत्रको विशेषज्ञ कर्मचारी नभई अधिकृत स्तरकै कर्मचारीहरुले प्रश्नपत्र तथा उत्तर कि को ४ जनाले प्रतिव्यक्ती ३६००।०० का दरले २ वटा भरपाई संलग्न गरी भुक्तानी लिएको देखिन्छ।यसरी एकै दिनमा कार्यालय समयमा वसेको एकभन्दा वढी वैठकको रु. १५०००।०० र प्रश्नपत्र वनाउने व्यक्तिले उत्तर कि समेत वनाउनुपर्नेमा सोको समेत छुट्टै भुक्तानी भएको १४४००।०० गरी जम्मा रु.२९४००।०० सम्वन्धितवाट असूल गर्नुपर्ने रु | २९,४०० |
| ४३ | | | **खेलकुद कार्यक्रमः**<br>कार्यालयले खर्च गर्दा मितव्ययी हुने किसिमले गर्नुपर्दछ।कार्यालयले यस आव मा भौ नं ३८९ वाट अध्यक्ष कप भलिवल प्रतियोगितामा रु.७२००००।०० र ऋषिङ म्याराथुनमा रु. रु९७३०००।०० खर्च गरेको देखिन्छ।ऋषिङ म्याराथुनको लागी रु.६५००००।०० विनियोजन गरेकोमा विभिन्न शिर्षकवाट रकमान्तर गरी खर्च लेखेको देखिन्छ। कार्यालयले खेलाडीको उपचार देखि खेलकुद सामाग्री खरिद, पुरस्कार, रेफ्रि, छपाई, प्रचार प्रसार, स्वंयमसेवक, यातयात, तथा खाना लगायतका शिर्षकमा खर्च लेखि भुक्तानी गरेको छ। कार्यक्रममा खरिद गरिएको विभिन्न सामाग्रीहरु तथा कपडाहरुको जिन्सी दाखिला र वितरणको भरपाई नभएको तथा कार्यक्रम पश्चात कार्यालयमा समेत दाखिला भएको देखिदैन।खेलकुद कार्यक्रममा ठुलो रकम खर्च भएकोमा सामग्री खरिद, खाजा खाना आदिमा खर्चमा नियन्त्रण गर्न सकिनेमा उक्त काम गरेको देखिएन।यसमा सुधार गर्नुपर्ने देखिन्छ। | |
| ४४ | | | **विपद् वयवस्थापनतर्फः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४.१ | | | **विपदव्यवस्थापन कोष** –विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २३(१) र २३(२) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । ऋषिङ्ग पालिकाले गाउपालिकाको विपद ब्यवस्थापन कोष सञ्चालन कार्यविधी २०७५ कार्यान्वियनमा ल्याएकोछ । गत वर्षको मौज्दात रु.२३११५३।समेत आम्दानी रु २९९६२६०।गरी रु २७२५१४४।५५ खर्च गरी बाँकी बैक जम्मा रु २७११५।४५ रहेको देखिन्छ ।यस सम्बन्धमा देखिएको ब्यहोरा निम्नानुसार छन्<br>**कर दाखिला नभएकोः** सार्वजानिक खरिद नियमावली २०६४ को नियम ८४(१)मा बीस लाख सम्म लागत अनुमान भएको मालससामान सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने ब्यवस्था छ । क्याण्डेल मेडिकन्सर्न बाट रु ४९९२५६। चिराग फार्मेसी बाट रु ४९६७९। र पुनः चिराग फार्मेसीबाट रु १८१५८४८। को टुक्रा गरी सोझै खरिद गरेको देखिन्छ । नियम विपरीत सोझै खरिद गरिएको रु २३६४७८३।उचित देखिएन ।करदाखिला रु ३५६९८।८७ गर्नु पर्नेमा रु ३४५००। मात्र गरेकोले बाँकी रकम रु ११९८।८७ कर दाखिला गर्नुपर्दछ ।<br>**खर्च सार्वजनकिकरणः**<br>गाउपालिकाको विपद ब्यवस्थापन कोष सञ्चालन कार्यविधी २०७५ को दफा ११(३) मा कोषको मासिक रुपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको सात गते भित्र सार्वजानिक गर्नुपर्ने, दफा ११(४) मा आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र समितिले कोषको वार्षिक आय ब्यायको विवरण समेत खुल्ने बार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगर सभामा पेश गर्नुपर्ने , दफा १२(४) मा कार्यालयले कम्तीमा वर्षको एक पटक कोषको सामजिक र सार्वजानिक लेखापरीक्षणको ब्यवस्था मिलाउने उल्लेख छ । यस सम्बन्धि कुनै पनि कार्य गरेको पाईदैन । कानुनको ब्वयस्था पालना गरी कोषको पारदर्शिता अवलम्बन गर्नुपर्दछ । | १,१९८ |
| ४४.२ | | | **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा ५ तथा संघीयतर्फको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ ।नगरपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४.३ | | | **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ को विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ४५ | | | **पूँजिगतबाट चालु प्रकृतिको खर्चः**<br>एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा पूँजिगत शिर्षकमा विनियोजन वजेटवाट चालु खर्च गर्न नपाउने उल्लेख छ। चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत मानिदैन । भौ नं १६१।०७८।०१।२१ पालिकाले सस्कृति संरक्षण कार्यक्रममा विनियोजन गरेको बजेट बाट रिसिङ्ग महोत्सवको विविध खर्चमा रु २५५००० भुक्तानी गरेको छ। यसरी चालु प्रकृतिका यस्ता खर्च पूँजिगत बजेटमा समावेश गरीएको तथा कार्यक्रमको उद्येश्य विपरित अनुत्पादक क्षेत्रमा खर्च लेखिएको अनियमित रु | २५५,००० |
| ४६ | | | **खरको छाना विस्थापन कार्यक्रमः**<br>भौं नं १७ मिति २०७७।०९।१४ बाट यस पालिकाले वार्षिक स्वीकृत कार्यक्रम बमोजिम खरको छाना विस्थापन कार्यक्रम अन्तर्गत २६ गेज हेभि रङ्गिन जस्तापाता सिलवन्दि दरभाउपत्र खरिद विधिबाट खरिद गरि रु ६९०३०१ भुक्तानी गरिएको पाइयो । खरको छाना विस्थापन कार्यक्रम सम्बन्धी कार्यविधि बनाई संचालन गर्नुपर्नेमा यस सम्बन्धी पालिकाले कार्यविधि नबनाएको पाइयो ।संलग्न फाँटवारी परिक्षण गर्दा जस्तापाता पालिका कार्यालयबाट भर्पाई गराई वितरण गरिएको छ।यसरी वितरण भएको रङ्गिन जस्तापाता प्रयोगमा आए नआएको तथा कार्यक्रमको उद्येश्य अनुरुप उपभोक्ता समुदाय लाभान्वित भए नभएको सम्बन्धमा यस पालिकाबाट अनुगमन हुनुपर्नेमा सो नगरेकोले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु | ६९०,३०१ |
| ४७ | | | **डिजिटल डिस्प्ले बोर्ड खरिदः**<br>पालिकाले भौ न १७० मिति २०७७।०६।२८ बाट पालिकाको प्रयोजनको लागि डिजिटल डिस्प्ले बोर्ड खरिद वापतक रु ९०४०० हाईटेक लिड डिस्प्ले प्रा ली लाई भुक्तानी रहेको छ। खरिद गरिएको डिजिटल बोर्ड जडान भए पनि लेखापरीक्षणको दौरानमा संचालनमा नरहेको पाईयो। यस सम्बन्धमा बुझ्दा डिजिटल डिस्प्ले पछिल्लो लामो समय देखि प्रयोगमा नआएको र मर्मत सुधार गर्नु पर्ने भन्ने जानकारी प्राप्त भयो। यसरी खरिद गरिएको सामाग्रि प्रयोगमा नआउँदा सामाग्रिको उपादेयता र प्रभावकारिता देखिदैन।यसरी खरिद गरिएका समाग्रिहरुको वारेन्टी सुविधा लिई निरन्तर सुचारु राखि सामाग्रीको प्रभावकारी उपयोग गर्ने तर्फ ध्यान दिनु पर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>चेनेज दोहोरिएको:<br>भौ न १४२ मिति २०७७।०६।२० बाट चालिसे काहुँ झापुटार मोटर मार्ग पहिरो पन्छाउने कार्यको भुक्तानी दिईएको छ।यस पहिरो पन्छाउने कार्यको आईटम ३ को वडा न ३ को भिरकोट देखि दुवुङ्ग सडक खण्डको चेनेज ३०० देखि ३३० सम्मको कार्यको दोहोरो नापि र मुल्याङ्कन भई भुक्तानी भएको छ।यसरी दोहोरो मुल्याङ्कन भई उपभोक्ता समितिलाई ३००.८५ घ मि को प्रति घ मि ३१.२९ को दरले बढि भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु.</td><td>९,४१४</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>प्रोभिजनल समको विल पेश नभएकोः<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा रकम खर्च गर्दा खर्च लाई पुष्ट्याई गर्ने विल भपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। त्यस्तै पालिकाले निर्माण कार्य गराएका निर्माण कार्यका निर्माण सेवा सँग भएको सम्झौतामा प्रोभिजनल सम अन्तर्गत खर्च सृजना भए पछि कार्यालय प्रमुखबाट त्यस अन्तर्गत भएको खर्च लाई स्वीकृति दिनु पर्ने र त्यस प्रकारको खर्चको कर विजक बिल भर्पाई सहित सोध भर्नाको रुपमा भुक्तानी माग गर्नु पर्ने उल्लेख छ। कार्यालयले निर्माण सेवा लाई तपसिलका विभिन्न निर्माण कार्यको रनिङ्ग तथा अन्तिम विल भुक्तानी गर्दा विल भपाई नभएको प्रोभिजनल सम बापतको रकम भुक्तानी दिएको पाइयो। सम्झौताको शर्त अनुसार पेश हुनुपर्ने विल भपाई पेश नभएकोले भुक्तानी दिन नमिल्ने उक्त रकम असुल हुनुपर्ने रु
<table>
<tr><th>गो .भौ. न/ मिति</th><th>योजानको नाम</th><th>निर्माण सेवाको नाम</th><th>विल वेगरको प्रोभिजनल समको विवरण</th><th>रकम</th></tr>
<tr><td>३७६=२०७८।०३।२९</td><td>सहविर स्कुल होस्टेल निर्माण</td><td>पासा कन्सट्रक्सन</td><td>विल वेगरको ल्याव टेष्ट</td><td>१५७५६</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१५७५६</td></tr>
</table></td><td>१५,७५६</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणः<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७७(३)मा आन्तरिक लेखापरीक्षणले औंल्याएका व्यवहोराहरु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ।आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुंदासम्म फछौंट नभएका व्यहोराहरु निम्नानुसार रहेका छन।
<table>
<tr><th>भौ नं</th><th>व्यहोराः</th><th>रकम</th></tr>
<tr><td>८</td><td>कृषि व्यवसाय प्रवर्द्धनका लागि अनुदान दिदा विश्वासनिय प्रमाण राख्ने नगरेको</td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table></td><td>१,०६०,६२४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | | मापदण्ड वेगर ईन्धनमा खर्च गर्ने गरेको सवारी साधनको लकबुक नराखेको । | | |
| | | | ३१ | कृषि प्रोत्साहन अनुदान हस्तान्तरण गरिएकोमा गोकुल थापा र लाल बहादुर थापाले माछापालन गरेको भन्ने प्रमाण नभएको हुदा नियमित गर्नुपर्ने रकम रुः | १०००० | |
| | | | ३९ | कृषि प्रोत्साहन बंगुर पालन अनुदानमा मुक्त बहादुर थापा र दुर्गा बहादुर थापाले बंगुरपालन गरेको प्रमाण पेश नभएको रु | २२००० | |
| | | | ७७ | वडा नं ५ ले ईन्धन खर्च लिदा सवारी लगबुक नराखि खर्च गरेको । | | |
| | | | १०० | वडा न ५ लाई कृषि व्यवसाय प्रबर्द्धनका लागि अनुदान कार्यक्रम बापत ४००००० को विरुवा वितरणको भरपाई स्पष्ट नभएको । | | |
| | | | १०४ | सम्पति कर कार्यान्वियनको कार्य सम्पन्न गर्नका लागि १२९००० भुक्तानी गर्दा कार्यन्वयनको अवस्थालाई एकिन नगरिएको र सेवा परामर्श सोझै खरिद गरेको । | | |
| | | | | अतिथि सत्कारमा जनप्रतिनिलाई मासिक निकासा हुने हुँदा कार्यलयमा अतिथि सत्कारमा हुने विविध खर्चमा नियन्त्रण हुनु पर्दछ। | | |
| | | | १७६ | गृमा मिडियाको फोटोकपी बिल रहेको हुदा सक्कल बिल पेश गर्नुपर्ने रु | १७००० | |
| | | | २७८ | कार्यालयका सवारीसाधनको विमा तथा नविकरण गर्दा जरिवाना लाग्ने गरी गर्ने गरिएको देखिएकोले यस्ता पक्षमा ध्यान दिनुपर्ने देखिएको । | | |
| | | | | | | |
| | | | | | | |
| | | | २९९ | नेपाल तरुण दललाई अन्य संस्थालाई सः शर्त चालु अनुदान दिएकोले खर्चमा मितव्ययिता नदेखिएको रु | १५००० | |
| | | | ३०९ | सार्वजनिक सुनुवाई कार्यक्रम वापत रकम भुक्तानी भएको तर सो सुनुवाईको प्रतिवेदन आउन बाकी रहेकोले कार्यक्रमको प्रभावकारीता जाँच गर्नुपर्ने देखिएको । | | |
| | | | ३१६ | सावित्री गिरीलाई परिवारको स्थिती साह्रै कमजोर भनि भुक्तानी गरिएकोमा आवश्यकता हो वा होईन प्रमाण पेश गर्नुपर्ने देखिएको । | २४०००।- | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | ३२४ | गोरखकाली आमा समूहद्धारा आयोजित सेटाङ्ग होम स्टे उदघाटन कार्यक्रमका खर्चका बिलहरु विश्वास योग्य नदेखिएकोले यस्ता खर्चमा भुक्तनी गर्दा कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | ११५००० | |
| | | | ३८७ | कार्यालयलाई फर्निचर तथा कुर्ची खरिद गरीएको दाखिला प्रतिवेदन पेश गर्नुपर्ने रु | ९९०००।- | |
| | | | ३८८ | पाल्पा भैरव फर्निचर उद्योगले ९६९९० को फर्निचर उपलब्ध गराएकोमा अग्रिम आयकर काटनुपर्नेमा नकाटिएकोले असुल रु | 1455 | |
| | | | ३९७ | वडा नं १ मा ईनारमा डुबी मृत्यु भएको बालकको घरपरिवारलाई सहयोग भनि १०००० भुक्तानी दिईएकोमा वडाको सिफारिस प्रहरी मुचुल्का लगायतका कागजात नभएकोले प्रमाण पेश गर्नुपर्ने रु | १०००० | |
| | | | ४२५ | वडा नं १ को २०७८/१/२३ र २०७८/१/२५ मा बसेको वडा समितिको बैठक बसी निर्णय एउटै रहेको हुदा बैठक बसेको हो वा होईन भन्ने कुरामा विश्वास गर्न नसक्ने अवस्था देखिएको । | | |
| | | | | पुँजिगत तर्फ | | |
| | | | १८ | रोटेपिङ्ग निर्माण राइथोकको भुक्तानी दिँदा सम्झौता मिति भन्दा अघिको विल पेश गरेको र सामाजिक सुरक्षा कर कट्टा असुल गर्नुपर्ने रु | २१४६ | |
| | | | २२ | दुर्गा भवानी मन्दिर जाने सिडि बाटो निमार्ण योजनामा अग्रिम आयकर कट्टा गर्नुपर्ने रु | १०४२ | |
| | | | ३३ | ऋषिङ्ग पाटन ऐरी चौपारी मोटर मार्ग ग्रावेल तथा नाला निर्माण योजनामा वहालकर कट्टा नगरेको असुल गर्नुपर्ने रु | ९१०० | |
| | | | ४५ | राष्ट्रिय आ वि पर्खाल निर्माण योजनामा जनश्रमदान र ज्याला भुक्तानीमा एकै व्यक्ति एकै समयमा भएकाले मन व थापा रु १००००,पदम व थापा रु ५०००,राजन थापा रु ७०००,बल ब थापा रु ६३००र रन व राना को रु ७३०० दोहोरो भुक्तानी देखिएकोले असुल गर्नुपर्ने रु | ३४६०० | |
| | | | ६९ | कुल देवता मन्दिर घेरावार सिरकोट योजनामा तिन जना व्यक्तिको एकैदिन श्रमदान तथा ज्याला वापत काम गराएकोले दोहोरो भुक्तानी देखिएकोले असुल गर्नुपर्ने रु | ९००० | |
| | | | ९५ | जयदुर्गा मा वि घेरावाल योजनामा विल भन्दा वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु | ८७१७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | ८९ | बाझो लिवाङ्ग मोटर मार्ग विस्तारमा लागत अनुमान कडा ढुङ्गा प्रयोग गर्ने भनिएकोमा प्रयोग नगरेकोले वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु | १२१४१३ | |
| | | | १०७ | बराहपानी कुवा निर्माण तथा सिडी निर्माण योजनामा ४ जनाको एकै दिन श्रमदान र ज्यामी ज्याला भुक्तानीमा देखिएकोले दोहोरो परेको असुल गर्नपर्ने रु | ३४०० | |
| | | | १४५ | श्रृङ्ग ए वाटो स्तरोन्नति उपभोक्ता समिति मार्फत काम गरिएको तर ढोर बारही एग्रिगेटको कार्यलायसँग सम्झौता पहिलाको विल देखिएकोले अनियमित देखिएको रु | ४६१०४१ | |
| | | | १७० | हाईटेक लिड डिस्ले प्रा लि लाई गाउँपालिका डिजिटल वोर्ड स्थापना खर्च भनि भुक्तानी गरिएकोमा हालसम्म उक्त बोर्डबाट निरन्तर सेवा नपाईएकोले अनावश्यक खर्च तर्फ कार्यालयले ध्यान दिनुपर्ने अनियमित देखिएको रु | ९०४०० | |
| | | | २३२ | सौर्य सडक वत्ति जडानको अनुगमन गर्नुपर्ने । | | |
| | | | २२६ | ग्याजा आमा समुह भवनको कार्यसम्पन प्रतिवेदन पेश भएको तर भवनमा झ्याल ढोका सटर हाल्न वाँकी रहेको । | | |
| | | | २६८ | थर्पा छेलिङ आमा समुह अधुरो भवनमा कन्टिन्जेन्सी कम कट्टा भइ वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु | ५२५० | |
| | | | २५८ | अम्मर मा वि गेट निर्माणमा वहालकर कम कट्टा गरेकोले असुल गर्नुपर्ने रु | ५००० | |
| | | | ३५१ | गणेश मन्दिर सिरकोट योजनामा अन्तिम मूल्याङ्कन कम भएकोमा वढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु | २४३०५ | |
| | | | ३५० | गणेश मन्दिर मर्मत गोठादी योजनाको विलमा भन्दा वढी भुक्तानी भएको रु | ३६१२ | |
| | | | ३९४ | एड पो◌ंइन्ट प्रा लि लाई फोटोकोपी विलका आधारमा भुक्तानी गरेकोले सक्कल विल पेश गर्नुपर्ने रु | ८४१४३ | |
| | | | | सशर्त तर्फ | | |
| | | | १०४ | मेड्पा कार्यक्रममा विल भन्दा वढी भुक्तानी भएको असुल गर्नपर्ने रु | ७००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>१०६०६२४</td></tr></table></td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईः<br>सरकारी खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन २०७५ को वुँदा नं १८ ले कार्यालयले गर्नुपर्ने काम परामर्शदातावाट गराउने कार्यलाइ निरुत्साहित गर्नुपर्ने उल्लेख छ भने नेपालको संविधानले आर्थिक अनुशासन कायम गर्ने कुरा संघीय सरकारको कानून वमोजिम हुने उल्लेख छ । कार्यालयले देहायअनुसारको सामाजिक परीक्षण तथा लैंगिक तथा सामाजिक समावेशी वजेट परीक्षणको काम परामर्शदातालाइ दिइ देहायअनुसार भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।<br><table><tr><th>भौ नं</th><th>भुक्तानी पाउनेको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr><tr><td>३०९</td><td>गैरसरकारी सस्था समन्वय समिती तनहँ</td><td>सार्वजनिक सुनुवाई</td><td>१९७७५०</td></tr><tr><td>३४१</td><td>योदेन मिडिया</td><td>सामाजिक परिक्षण</td><td>१०००००</td></tr><tr><td>३७२</td><td>नेपाल रेडक्रस सोसाइटी</td><td>अपाङ्गता शिविर सञ्चालन</td><td>१०००००</td></tr></table></td><td></td></tr>
<tr><td>५२</td><td>22</td><td></td><td>वढी भुक्तानीः<br>२२।२०७७।०८।०९ निर्माण कार्यको भुक्तानी प्राविधिक मुल्यांकन तथा नापजाँच अनुसार हुनुपर्दछ ।पालिकाले कोराल्हाङ खोला झोलुङ्गेपुल निर्माण कार्यमा उपभोक्ता समितीसंग रु.१८६८८९१।०० लागत अनुमानमा उपभोक्ताको अश रु.६२६६१।०० रहने गरी सम्झौता गरी निर्माण कार्य गरेकोमा निर्माणकार्य पश्चात जम्मा मुल्यांकन रकम रु१८६८७०६।०० मा उपभोक्ताको अंश रु. ६२६६१।०० कट्टा गरी वाँकी रु.१८०६०४५।०० भुक्तानी गर्नुपर्नेमा प्रथम रनिङ विलवाट रु.१०९६५३८।०० र अन्तिम रनिङ विलवाट रु.७२६५६०।०० गरी जम्मा रु१८२३०९८।०० भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु</td><td>१७,०५३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **कार्यसम्पादन जमानतः** सावर्जनिक खरिद नियमावली २०६४ को नियम ११० मा स्वीकृत बोलपत्रको बोलपत्रदाताले कार्यसम्पादन जमानत पेश गर्दा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा १ महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ ।कार्यालयसँग हाँडिवन कालिनदी झोलुङ्गे पुल निर्माण गर्नसम्झौता भई निर्माण कार्य सम्पन्न हुन बाँकी रहेको हिमशिखर कन्ट्रक्सन निर्माण सेवाको म्याद समाप्त भई तेस्रो पटक सम्म म्याद थप भई २०७८।०८।२९ सम्म म्याद रहेकोमा निजले राखेको कार्यसम्पादन जमानत रु.७०००००।०० को म्याद २०७९ पौष २९ सम्म हुनुपर्नेमा २०७९ वैशाख ११ सम्म मात्र देखिन्छ। अत कार्यालयले खरिद सम्झौताको म्याद थप संगै कार्यसम्पादन जमानतको पनि म्याद थप गरी सो को प्रमाण पेश गर्नुपर्ने रु... | ७००,००० |
| ५४ | | | **पालिकाको लागत सहभागिता नभएकोः** झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम अन्तर्गत विभिन्न उपभोक्ता समितीसंग शर्शत अनुदान गाउँपालिका र उपभोक्ता समितीको त्रिपक्षिय लागत साझेदारीमा निर्माण गर्ने गरी सम्झौता भएको देखिन्छ।पालिकाले निर्माण गरी भुक्तानी गरेका देहायवमोजिमका झोलुङ्गेपुलमा पालिकाको तर्फवाट गर्नुपर्नेमा योगदान नगरी सम्पुर्ण रकम शर्शत अनुदानवाट भुक्तानी गरेकोले शर्शत अनुदानवाट वढी खर्च भएको देखिन्छ। यसरी पालिकाको अंश खर्च हुनुपर्नेमा शशर्त अनुदानको अंश वढी खर्च भएकोले वढी खर्च भएको रकम संघिय सञ्चित कोष फिर्ता गरि सोको प्रमाण पेश गर्नुपर्ने | ४८५,४६३ |

| भौ नं | विवरण | जम्मा भुक्तानी गत वर्षको समेत | पालिकाको अंश हुनुपर्न |
|---|---|---|---|
| २३ | नौविसे खोला ट्रष्ट पुल | ११९६००० | १५९५३२ |
| २२ | कोराल्हाङ खोला झोलुङ्गेपुल | १८२३०९८ | १८७९८५ |
| २१ | सिन्धुस खोला स्टिल ट्रस पुल | ७८२३१० | १३७९४६ |
| | जम्मा | ३८०१४०८ | ४८५४६३ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **उपभोक्ता समितिबाट सडक कालोपत्र:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ । यस नगरपालिकाले प्राविधिक ज्ञान र विभिन्न उपकरण आवश्यक पर्ने सडक कालोपत्रे लगायतका काम समेत उपभोक्ता समिति मार्फत सम्पन्न गराएको छ जसमा विभिन्न निर्माण व्यवसायीका उपकरण प्रयोग गरीएको छ। यसरी उपभोक्ता समितिमार्फत काम गराउदा प्रतिस्पर्धा नभई मितव्ययी नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर पक्ष कमजोर रहने, पुर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउदा रोजगारी श्रृजना नहुने अवस्था देखिदा यसरी गरेको कार्य ऐनमा भएको व्यवस्थाको प्रतिकुल रहेको देखिन्छ।निर्माण कार्यको गुणस्तर र दिगोपना सुनिश्चित गर्न यस किसिमका कार्य नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ। | |

| भौ न मिति | कामको विवरण | लागत अनुमान |
|---|---|---|
| ८६.२०७७।०९।२८ | नयाँ चौपारी अर्खल छाप मोटर मार्ग कालोपत्रे | २३४६५१५ |
| ३६१.२०७८।०३।३० | तल्लो झापुटारा कालोपत्रे मोटरमार्ग निर्माण | १७८८३२८ |
| १४५.२०७८।०१।१३ | श्रृङ्गपथ ए बाटो स्तरोन्नति | २३३६४९.६४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **रोजगारी सिर्जना नहुने काम उपभोक्ता समितिबाट:**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ ।यस पालिकाले विभिन्न सडक निर्माणका योजना उपभोक्ता समितिबाट सम्पन्न गराई खर्च लेखेको छ।यसरी सम्पन्न गरेका योजनामा सम्पूर्ण काम सडक कटिङ्गको काम रहेको र सडक कटिङ्ग कार्यमा मेसिन प्रयोग भएको छ।यसरी निर्माण कार्य गर्दा रोजगारी सिर्जना नहुनुका साथै काममा मितव्ययिता रगुणस्तरियता समेत सुनिश्चित नहुने देखिन्छ।यस तर्फ पालिकाले ध्यान दिनु पर्दछ।केहि व्यहोराहरु:<br><br>भौ न मिति / कामको बिवरण / अन्तिम मुल्याङ्कन / मेसिन प्रयोग बिल<br>४८.२०७७।०७।०३ / ढुंगाडे जोगिडाँडा सम्याउने योजना / ५५८००९.२१ / ५५८००९.२१<br>८३.२०७७।०९।२८ / ढुंगाडे जोगिडाँडा सम्याउने योजना / ८६६०३७ / ८२५०००<br>८९.२०७७।१०।०८ / बाझो हुदै भोर्लादि चापस्वारा मोटरमार्ग / १२८६०६२.५६ / १२८८२०० | |
| ५७ | | | **निर्माण कार्यको गुणस्तर र दिगोपना:**<br>यस पालिकाले उपभोक्ता समितिबाट सम्पादन गराएको सडक निर्माण योजनाको केहि नमुना छनौट गर्दा पालिकाले भौ न ३६५ मिति २०७८।०३।३० बाट कल्याणदेवि मोटर मार्ग लिकिन्दि खोला कल्वर्ट निर्माण तथा नाली निर्माण योजनाको खर्च लेखेको छ। यस निर्माण कार्यको प्रारम्भिक लागत अनुमानको आईटम क मा मेसिन प्रयोग गरि ३२० मिटर सडक खण्ड फराकिलो बनाउने काम रहेकोमा अन्तिम मुल्याङ्कन र नापी किताव बाट आईटम क को सडक फराकिलो बनाउने कार्य नगरि लागत अनुमानको आईटम २ मा रहेको नाली निर्माण, पिसिसिर आरसिसि वाल लगाउने कार्यको परिमाण बढाई कार्य सम्पन्न गरिएको छ।यस सम्बन्धमा यस सडक निर्माण योजनाको प्राईमेरी कार्य नगरि अन्य कार्य भएबाट निर्माण कार्यको दिगोपना सुनिश्चित नहुने देखिन्छ।यस तर्फ पालिकाले ध्यान दिन जरुरि छ। | |

| भौ न मिति | कामको बिवरण | अन्तिम मुल्याङ्कन | मेसिन प्रयोग बिल |
|---|---|---|---|
| ४८.२०७७।०७।०३ | ढुंगाडे जोगिडाँडा सम्याउने योजना | ५५८००९.२१ | ५५८००९.२१ |
| ८३.२०७७।०९।२८ | ढुंगाडे जोगिडाँडा सम्याउने योजना | ८६६०३७ | ८२५००० |
| ८९.२०७७।१०।०८ | बाझो हुदै भोर्लादि चापस्वारा मोटरमार्ग | १२८६०६२.५६ | १२८८२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **मेसिनले बाटो खनेकोमा नाला खन्ने काम मानिसबाट:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य गराएका केहि सडक योजनाको नमुना छनौँट गर्दा तपशिल बमोजिमका योजनामा मेसिन प्रयोग गरी बाटो खनेको ब्याक फिलिङ् काममा मानिस प्रयोग गरेको देखाई भुक्तानी दिएको छ। नरम र कडा माटो खन्ने काम मेशिनवाट गर्दा नालाको काम मानिस बाट नै भएको हो भन्ने स्पष्ट आधार नभएकोले मेसिनबाट नाला खन्ने कार्य भएको प्रष्ट हुन्छ। यस सम्बन्धमा मेसिन प्रयोगको दररेट राखि भुक्तानी हुनुपर्ने अवस्थामा मानिसवाट गरेको देखाउदा बढि भुक्तानी भएको छ। मेसिनवाट मानिस प्रयोग गरिएको दरले बढि भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु | १६१,३०३ |

| भौ न मिति | कामको विवरण | नाला खन्ने कामकोपरिमाण घ मि | मानिसद्धारा काम भएको दर | हुनुपर्ने दर | बढि भुक्तानी दर | बढि भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १६.२०७७।०९।१४ | धोवोला मोटरमार्ग निर्माण | २४४.१ | ५६६.५ | ४८.८४ | ५१७.६६ | १२६३६१ |
| ३९.२०७७।१०।२६ | लोक्मा डुम्रिस्वारा मोटर मार्ग | ६७.५ | ५६६.५ | ४८.८४ | ५१७.६६ | ३४९४२ |
| | जम्मा | | | | | १६१३०३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **नापी र उपभोक्ता समितिलाई भुक्तानीदिने बिलमा फरक:**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।पालिकाले मुल्याङ्कन रकम रु ५५१४१८५.२९ कायम भएको सुडे दुबुङ्ग खल्डुभन्ज्याङ्ग मोटर मार्ग नाला निर्माण तथा विस्तार योजनाको भौ न ३८७ मिति २०७८।०३।२३ बाट खर्च लेखको छ। अधिकांश निर्माण काम मेसिनको प्रयोग गरि सडक कटिङ्ग रहेको यस योजनाको संलग्न फाँटवारी परीक्षण गर्दा मुल्याङ्कनमा कुल कटिङ्ग २७४०७.८५ घ मि मध्य नरम माटो कटिङ्ग ५० प्रतिशत कडा माटो कटिङ्ग ३० प्रतिशत नरम चट्टान कटिङ्ग २० प्रतिशत कायम भएकोमा उपभोक्ता समितिलाई | ५,५१४,१८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दिने बिलमा नरम माटो कटिङ्ग १५ प्रतिशत कडा माटो कटिङ्ग १५ प्रतिशत नरम चट्टान कटिङ्ग ६५ प्रतिशत र नरम चट्टान ५ प्रतिशत कायम गरिएको र सोहि बमोजिम भुक्तानी गरिएको छ।यसरी नापी अनुसार कटिङ्ग कार्यको रु १६८४७६१.०४ हुदा मुल्याङ्कन भई भुक्तानी भएको कटिङ्गको रु ३९६१४३५.४५ भएकोबाट रु २२७६६७४.४७ को भुक्तानीमा फरक भएको देखिन्छ।यस सम्बन्धमा मुल्याङ्कन र नापीमा पर्न गएको फरकको वास्तविकता एकिन गरी मेजरमेन्ट बुक सहित प्राविधिक पुष्ट्याई गर्नुपर्ने रु. | |

| भौ न मिति | नापी अनुसार | | | | मुल्याङ्कन र उपभोक्ता समितिलाई दिने बिल अनुसार | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३८७.२०७८।०३।२३ | आईटम | परिमाण | दर | जम्मा रु | आईटम | परिमाण | दर | जम्मा |
| | नरम माटो खन्ने काम ५०% | १३७०३.९२५ | ४८.८४ | ६६९२९९.६९७ | नरम माटो खन्ने काम १५% | ४१११.१७७५ | ४८.८४ | २००७८९.९०९ |
| | कडा माटो खन्ने काम ३०.००% | ८२२२.३५५ | ६२.८ | ५१६३६३.८९४ | कडा माटो खन्ने काम १५.००% | ४१११.१७७५ | ६२.८ | २५८१८१.९४७ |
| | नरम चट्टान खन्ने २०% | ५४८१.५७ | १७५.८३ | ९६३८२४.४५३ | नरम चट्टान खन्ने ६५% | १७८१५.१०२५ | १७५.८३ | ३१३२४२९.४७ |
| | मध्यम चट्टान खन्ने | ० | ० | ० | मध्यम चट्टान खन्ने ५% | १३७०.३९२५ | ४३९.५८ | ६०२३९७.१३५ |
| | जम्मा | | | १६८४७६१.०४ | जम्मा | | | ३९६१४३५.४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **सडक निर्माण कार्यको ट्याक कोटमा बढि भुक्तानी:** | ६१,८४६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टण्डर्ड स्पेशिफिकेशन २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्याचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर र नया सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमा प्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर ट्याककोट लाग्ने उल्लेख गरेको छ। यस नगरपालिका अन्तर्गत उपभोक्ता समिति वा निर्माण सेवा मार्फत सम्झौता भई निर्माण कार्य गराएको पुराना सडकको प्याचिङ्ग तथा रिसिल्ङ्ग कार्यमा र नयाँ सडकको कालोपत्रे गर्ने कार्यका लागि विटुमिन तथा प्राइम कोट प्रयोग गरेको प्रति वर्ग मी क्षेत्रफलमा ०.७३ लिटर सम्म ट्याक कोट खर्च लेखि भुक्तानी गर्ने गरेको पाइयो। सडक विभागको उपरोक्त नर्म्स अनुसार विटुमिनस तथा प्राइमकोट खपतको ४० देखि ६० प्रतिशत मात्र ट्याककोटको खर्च लाग्ने र सोही बमोजिम मात्र खर्च लेख्नु पर्ने उल्लेख भएकोले तपसिलका कालोपत्रे सडकमा नर्म्स भन्दा बढी ट्याककोटको खर्च लेख्दा रु ६१८४६। बढी भुक्तानी भएको रकम उपभोक्ता समिति र निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु

| भौ नं मिति | योजनाको नाम | निर्माण सेवा / उ स को नाम | ट्याक कोट दिएको<br>ब मी | ट्याककोट दिएको (लिटर) ७३ प्रतिशत | ट्याक कोट दिनु पर्ने (लिटर) (६० प्रतिशत) | ट्याक कोट वढी लिएको लिटर | ट्याककोट को दर प्रति लिटर (मुअकर समेत) | उपभोक्ता समितिको अंश (लिटर) | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| ७६.२०७७।११।१८ | झापुटार सडक निर्माण | लक्ष्मी निर्माण सेवा | ३१०० | २२६३ | १८६० | ४०३ | १००.०४ | ० | ४०३१६ |
| ८६.२०७७।०९।२८ | नया चौपारी अर्खल छाप मोटर मार्ग कालोपत्रे | नया चौपारी अर्खल छाप मोटर मार्ग उ स | ९३७.७४ | ६८४.५५ | ५६२.६४४ | १२१.९०६ | १००.०४ | १२.८ | १०९१५ |
| १४५.२०७८।०१।१३ | श्रृङ्गपथ ए बाटो स्तरोन्तनि | श्रृङ्गपथ ए बाटो | ९१० | ६६४.३ | ५४६ | ११८.३ | १००.०४ | १२.१८४ | १०६१५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्तरोन्तनि उ स<br>जम्माः ६१८४६ | |
| ६१ | | | **मुल्य अभिवृद्धि कर भुक्तानी:**<br>मुल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली,२०५३ ले मु अ कर लाग्ने तथा नलाग्ने वस्तु तथा सेवाको वर्गिकरण गरेको छ।यस पालिकाले उपभोक्ता समिति मार्फत सम्पन्न गरेका निर्माण सम्बद्ध योजनामा उपभोक्ता समितिले कोटेशन प्रस्ताव माग गरी तपशिल बकोजिमका आपुर्तिकर्ताबाट खरिद गरेको मालसामान तथा सेवा खरिद गर्दा मु अ कर नलाग्ने मालसामान तथा सेवामा मु अ कर भुक्तानी भएको छ।यसरी भुक्तानी भएको मु अ कर सम्बन्धित उपभोक्ता समिति र आपूर्तिकर्तालाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु | ५५,९५२ |

| भौ नं मिति | योजनाको नाम | आपुर्तिकर्ताको नाम | कामको विवरण | भुक्तानी रकम | मुअकर रकम |
|---|---|---|---|---|---|
| २३२.२०७८।०१।१७ | सडक सौर्य वत्ति जडान योजना | ए जि पावर सप्लार्यस | ईन्स्टलेसन चार्ज र आफ्टर सेल्स सर्भिस | २३६१७० | २७१७० |
| ३५२.२०७८।०३।३० | भुलभुले लिफ्टिङ्ग खानेपानी योजना | सन्ध्या सन्देश निर्माण सेवा | ईन्स्टलेसन, फिटिङ्ग र ट्रान्सपोर्टेसन शुल्क | २५०१८२ | २८७८२ |
| | | | जम्मा | | ५५९५२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **बढि नापी र मुल्याङ्कन:**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकावाट खरिद सम्झौता भै निर्माण कार्य भएको र निर्माण सम्पन्न भएको योजनाको उपभोक्ता समिति अन्तिम विलको भुक्तानी गर्दा वास्तविक कार्य सम्पदान भएको भन्दा वढि आईटममा कार्य भएको नापि र मुल्याङ्कन कायम गरी भुक्तानी दिएको पाइयो।कुल लागत अनुमान १०७८२०५.३६ रहेको रिजाल्दी सामुदायिक भवन निर्माण योजनाको भौ न ३१७ मिति २०७८।०३।२१ बाट खर्च लेखेको छ।संलग्न फाँटबारी परीक्षण गर्दा ३ कोठे भवन निर्माण कार्यमा प्लास्टर गर्ने कार्य र वेदर कोट लगाउने कार्यमा भित्री वाल ४ कायम गरी नापि र मुल्याङ्कन हुनुपर्नेमा थप १४ वटा भित्रि वाल कायम गरिएदा १० वटा बढि गणना भएको देखिन्छ । यस अतिरिक्त रुम १ रुम २ रुम ३प्यासेज र हल मा १/१ भित्र वाल कायम गरिएकोमा जुन वास्तविक कार्य सम्पादन भएको एकिन गर्ने आधार र प्रमाण छैन।यसरी वास्तविक कार्य सम्पादन भन्दा बढि नापी र मुल्याङ्कन कायम गरी रु १२३२५६ बढि भुक्तानी भएकोले असुल गर्नु पर्ने रु | १२३,२५६ |

| भौ न मिति | निर्माण कार्य | कामको विवरण | बढि नापी भएको | परिमाण घ मि | दर प्रति घ मि | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| ३१७.२०७८।०३।२१ | रिजाल्दी सामुदायिक भवन निर्माण | 20 mm thick c/s plaster in 1:4 ratio inside and outside of building wall and floor | भित्रि वाल १०, रुम १, रुम २, रुम ३, हल र प्यासेज १/१ | १७३.९४ | ४६६.३५ | ८११९७ |
| | रिजाल्दी सामुदायिक भवन निर्माण | Two coat weather coat over one coat primer on walls and ceiling | भित्रि वाल १०, रुम १, रुम २, रुम ३, हल र प्यासेज १/१ | १७३.९७ | २४२.२२ | ४२१३९ |
| | जम्मा | | | | | १२३२५६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **सौर्य सडक वत्ति जडान:**<br>सौर्य सडक वत्ति जडान कार्यक्रम अन्तर्गत यस पालिकाले वार्षिक बजेटबाट रु १४०००००  विनियोजन गरेको र संघीय सरकारको सशर्त कार्यक्रम बाट रु.८००००० प्राप्त भएको मध्य पालिका तर्फको भौ न २३३ मिति २०७८।०१।१७ बाट रु.१३१०००० र ससर्त तर्फको रु.८००००० गरि सौर्य सडक वत्ति जडान कार्यक्रममा कुल जम्मा रु २११०००० खर्च लेखेको छ।उपभोक्ता समितिबाट संचालित यस कार्यक्रममा उपभोक्ता समितिले विभिन्न सप्लार्यसबाट कोटेशन प्रस्ताव माग गरी घटि दर प्रस्तावक ए जि सप्लार्यस बाट सौर्य सडक वत्ति जडान सम्बन्धी सम्पूर्ण कार्य गराएको छ।यस सम्बन्धमा ससर्त कार्यक्रम तर्फ रु.८००००० विभिन्न क्रियाकलापहरु क्रमश: सौर्य उर्जा प्रविधि जडान तर्फ ३ लाख, वायोग्यास जडान तर्फ २ लाख, वायोग्यास प्रविधिमा आधारित सुधारिएको चुल्हो जडान तर्फ २ लाख र प्रशासनिक खर्च तर्फ १ लाख ब्रेकडाउन गरी निर्धारण गरिएकोमा यस पालिकाले सम्पूर्ण रकम सौर्य वत्ति जडानमाखर्च भएबाट ससर्त कार्यक्रमको मर्म र उद्येश्य विपरित रहेको छ।जनसहभागितामा आधारित सौर्य सडक वत्ति जडान कार्यक्रम संचालन कार्यविधि तर्जुमा गरी कार्यक्रम संचालन गर्नुपर्नेमा कार्यविधि तर्जुमा नगरेको पाईयो।उर्जा जलस्रोत तथा सिचाँई मन्त्रालयको स्थानीय तहमा नविकरणिय / वैकल्पिक उर्जा कार्यक्रमहरु कार्यान्वयनका लागि स्वीकृत मार्गदर्शन २०७५ अनुसार नेपाल सरकारबाट अनुदान प्राप्त प्रविधिमा स्थानीय तहले परिचान गरेका उपभोक्ता, समुदायको लागि उपलब्ध गराउने अनुदानमा संघ, प्रदेश र स्थानीय तहको कुल अनुदानमा कम्तिमा १०% उपभोक्तावा समुदायको योगदान सुनिश्चित गर्नुपर्ने व्यवस्था रहेकोमा यस पालिकाले यस कार्यक्रम संचालनमा उपभोक्ता समुदायको न्यूनतम योगदानको सुनिश्चितता गरेको छैन।साथै सौर्य सडक वत्ति जडान गर्दा प्रयोग हुने सौर्य उर्जा उपकरणहरु वैकल्पिक उर्जा परीक्षण केन्द्रबाट कायम भएको मापदण्ड, परिमाण र गुणस्तर बमोजिम प्रमाणित भएको खरिद हुनुपर्ने, खरिद गरिएका उपकरणहरुको वैकल्पिक उर्जा परिक्षण केन्द्रले तोकेको मापदण्ड बमोजिमको वारेन्टि हुने पर्ने तथा जडित सौर्य सडक वत्तिको गुणस्तर र दिगोपना कायम गर्न पहिलो पक्ष कार्यालय, दोस्रो पक्ष उपभोक्ता समिति र तेस्रो पक्ष आपुर्तिकर्ताबिच त्रिपक्षिय सम्झौता गर्नुपर्ने व्यवस्था रहेकोमा उल्लिखित व्यवस्था अनुरुप कार्यक्रम संचालन गरेको एकिन गर्न सकिएन।यसरी आवश्यक कार्यविधि तर्जुमा नगरी तथा प्रचलित मापदण्ड तथा व्यवस्थाहरुको प्रतिकुल हुने गरी गरी कार्यक्रम संचालन भएकोले अनियमित देखिएको रु | २,११०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **खानेपानी योजना डिपिआर र कार्यसम्पादन:** यस पालिकाले भौ न २९५ मिति २०७८।०३।२० बाट लागत अनुमान रु २२०३९३५.४९ रहेको १ घर १ धारा कार्यक्रम अन्तर्गत भेडा खोला खानेपानी योजनाको उपभोक्ता समितिलाई भुक्तानी दिईएको छ।उक्त निर्माण कार्य प्रारम्भ पूर्व रोयल एक्सिस ईन्जिनियरिङ्ग सर्भिसेस प्रा लि बाट डिपिआर गराईएको छ। परामर्शदाताले प्रतिवेदनसहित यस योजना संचालनार्थ ईन्टेक निर्माण तथा घेरवार, फेरो सिमेन्ट ट्यांक निर्माण तथा घेरवार, वासआउट भल्भ च्याम्वर निर्माण, ५८ धारा निर्माण, डिष्ट्रिव्यूसन लाईन र ट्रान्समिसन लाईनको लागि पाईपलाईन खन्ने पुर्ने तथा पाईप लेईङ्गको क्रियाकलाप प्रस्तावित गरेको छ। निर्माण कार्य डिपिआर प्रतिवेदन बमोजिम नै संचालन भएको देखिन्छ।तथापि डिपिआर प्रतिवेदनले ट्रान्समिसन लाईन र डिस्ट्रिव्यूसन लाईनकोलागि विभिन्न मिमि साईजका गरि जम्मा ४१६३ रनिङ्ग मिटर एच डि पि ई पाईप आवश्यक पर्ने र सोहि लम्बाई बरावर ४१६३ मिटर पाईपलाईन खन्ने र पुर्ने कार्यको नापि सहित प्रस्तावित गरेको छ। तर यस योजनाको अन्तिम नापि किताव र अन्तिम मुल्याङ्कनमा ५३९३ रनिङ्ग मिटर एच डि पि ई पाईप खपत भई सोहि लम्बाईको पाईपलाईन खन्ने र पुर्ने कार्य भएको कायम गरिएको छ। यसरी योजना संचालन गर्दा डिपिआरले तथ्यपरक र वस्तुनिष्ठ आधार प्रदान गर्नुपर्नेमा डिपिआर प्रतिवेदन ले सिफारिस गरेको नापि किताव र पालिकाको कार्यसम्पन्न नापिमा फरक परेको देखिन्छ। यसरी डिपिआर प्रतिवेदनको नापी अनुसार कार्य सम्पादन गराउने तर्फ ध्यान नदिईको वा डिपिआर कार्य आवश्यकता, प्राथमिकता र औचित्यताको आधारमा नभई औपचारिकतामा सिमित भएको देखिन्छ।यस तर्फ पालिकाले ध्यान दिनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **ढुङ्गा फिलिङ काममा ढुङ्गा सोलिङ्गको रेट भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ र सोहि बमोजिम निर्माण कार्यको अन्तिम मुल्याङ्कन गरी भुक्तानी गर्नुपर्दछ।यस पालिकाले तपशिल बमोजिमका सडक निर्माण योजना ढुङ्गा फिलिङको काम भएकोमा ढुङ्गा सोलिङको दर राखि मुल्याङ्कन गरी भुक्तानी गरेको छ।यसरी फरक आईटमको दररेट राखि मुल्याङ्कन गर्दा उपभोक्ता समितिलाई भुक्तानी भएको छ।बढि भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु | १३६,९९१ |

| भौ न मिति | योजनाको नाम | ढुङ्गाको कामको परिमाण | ढुङ्गा फिलिङ दर | मुल्याङ्कन भएको ढुङ्गा सोलिङ्ग दर | फरक परेको दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| १६७.२०७८।०१।२४ | दधिवन मोटर मार्ग तगा नालि व्यवस्थापन | ४२.९२ | ३८६८.३२ | ५६९८.३२ | १८३० | ७८५४३.६० |
| १८६.२०७८।०१।०२ | बुन्जि चन्नसिडाँडा हुदै उरडाँडा मोटर मार्ग | २६.०६ | ३८६८.३२ | ६१११.१२ | २२४२.८ | ५८४४७.३७ |
| | | | जम्मा | | | १३६९९१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६६</td><td></td><td></td><td>
पाईप खपत भन्दा खन्ने पुर्ने काम बढिः
बोचादि धारादि खानेपानी आयोजनाको भौ न १३१ मिति २०७७।१२।२६ बाट खर्च लेखेको छ।यस सम्बन्धमा फाँटवारी परिक्षण गर्दा विभिन्न मिमि साईजका गरि जम्मा ३१६० मीटर एच डी.पि.ई पाइप लेइङ्ग भएको देखिएकोमा पाइप लेइङ्गको लागि ६७०० मीटर खनेको र पुर्ने कार्यको खर्च लेखेको पाइयो। सामान्यतया पाइप खपतको लम्बाई बराबर नै खन्ने र पुर्ने कार्यको लम्बाई देखाउनु पर्नेमा ३५४० मीटर बढी खनेको र पुरेको देखाउदा तपसिल बमोजिम रु ५४१३८२ बढी भुक्तानी भएको छ। यस पालिकाका प्राविधिक सँगको अनौपचारिक छलफलमा यस खानेपानी योजना गत वर्ष पनि संचालन भई यस वर्ष थप रकम विनियोजन भई निर्माण कार्य भएको र गत वर्ष खरिद गरिएको एच डी.पि.ई पाइप मौज्दात रहेकोले सोहि पाईप खपत हुदा यस आर्थिक वर्ष न्यून परिमाण एच डी.पि.ई पाइप खरिद भएपनि पाईपलाईन खन्ने र पुर्ने काम भए बराबर एच डी.पि.ई पाइप जडान भएको जानकारी प्राप्त भयो।यस सम्बन्धमा प्राविधिक पुष्ट्याई गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><th>कामको विवरण</th><th>बढि खनेको देखाएको</th><th>बढी परिमाण</th><th>दर प्रति घ मि</th><th>बढी रकम</th></tr>
<tr><td>पाइप लाइन खन्ने कार्य</td><td>३५४०*०.४५*०.५</td><td>७९६.५<br>घ. मी</td><td>५०४.७</td><td>४०१९९४</td></tr>
<tr><td>पाइप लाइन पुर्ने कार्य</td><td>३५४०*०.४५*०.५</td><td>७९६.५<br>घ. मी</td><td>१७५.</td><td>१३९३८८</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>५४१३८२</td></tr>
</table>
</td><td>५४१,३८२</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>
सामुदायिक वनको आम्दानी प्राप्त नभएकोः
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्वन्धी वार्षिक कर्यायोजना वनाई सम्वन्धीत तहवाट स्वीकृत गराउनुपर्ने र सामुदायिक वनले वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालयवाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत देहायका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेकोमा उक्त रकमको १०
</td><td>१,४१४,६६८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रतिशतले हुने रकम यस पालिकामा वुझाउनुपर्नेमा वुझाएको छैन भने उक्त रकम उठाउन स्थानीय तहले कुनै पहल समेत गरेको देखिएन । उक्त रकम असुल गर्नुपर्ने रु | |

| समुहको नाम | ठेगाना | मु अ कर रकम | जम्मा विक्रि | १० प्रतिशत रकम |
|---|---|---|---|---|
| दुवुङ | ऋषिङ ३ | 106280 | 817538 | 81754 |
| शिद्धवावा | ऋषिङ २ | 89905 | 691577 | 69158 |
| गोमनताल | ऋषिङ ३ | 68860 | 529692 | 52969 |
| छोरेडाँडा | ऋषिङ २ | 119510 | 919308 | 91931 |
| कोईदिम | ऋषिङ १ | 370823 | 2852485 | 285248 |
| चण्डिथान | ऋषिङ ३ | 65250 | 501923 | 50192 |
| वाउन्नवेल | ऋषिङ ४ | 84930 | 653308 | 65331 |
| सिद्धवावा | ऋषिङ २ | 134460 | 1034308 | 103431 |
| औसराजुडी | ऋषिङ ४ | 386250 | 2971154 | 297115 |
| गुम्लेक | ऋषिङ ४ | 165720 | 1274769 | 127477 |
| ठुलोपखेरा | ऋषिङ ५ | 100295 | 771500 | 77150 |
| कालिका | ऋषिङ ४ | 146785 | 1129115 | 112912 |
| | जम्मा | 1839068 | 14146677 | 1414668 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **भत्ता नपाउनेलाई भत्ता रकम वितरणः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी २०७७ को दफा ९(२) अनुसार कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति वा मनोनित भई वहाल रहेको व्यक्ति, नेपाल सरकार स्थानीय तह, नेपाल सरकार, प्रदेश सरकार, स्थानिय तहको आंशिक वा पुर्ण स्वामित्वमा रहेको संगठित सस्थावाट नियमित रुपमा पारिश्रमिक वा निवृतीभरण, अवकास सुविधा वा अन्य सुविधा पाइरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था भएकोमा पालिकामा वडा नं १ मा दलित महिला सदस्य भुल माया परियार र वडा नं ४ कार्यपालिका सदस्य टुन वहादुर सार्कीले पालिकावाट मासिक रुपमा सुविधा लिइरहेकोमा सामाजिक सुरक्षा भत्ता समेत लिएको देखिएकोले भुल माया परियारको प्रतिचौमासिक रु१२०००।०० का दरले ३६०००।०० र टुन वहादुर सार्कीको प्रतिचौमासिक रु८०००।०० का दरले एक आर्थिक वर्षको रु २४००० गरी जम्मा रु.६००००।०० असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु..<br>साथै गत विगत आर्थिक वर्षको सम्वन्धमा समेत छानविन गरी दोहोरो भुक्तानी भएको रकमका सम्वन्धमा एकिन गर्नुपर्ने देखिन्छ। | ६०,००० |
| ६९ | | | **पालिकावाट सामाजिक सुरक्षा भत्ता वितरणः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी २०७७ को दफा २६ मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले तिनवटा वैकमार्फत भत्ता वितरण गरेकोमा वैकले वितरण गरी कुमारी वैकमा रु१४५१९८।०० साग्रीला डेभलपमेन्ट वैकमा रु २७५५६७।०० र मेघा वैकमा रु.८१५५५।०० गरी कुल जम्मा रु५०२३२०।०० वाँकी रहेको रकम पालिकामा जानाकारी गराएकोमा लेखापरीक्षण अवधिसम्म पनि संघिय सञ्चित कोष दाखिला नभएकोले सम्वन्धित वैकसंग असूल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु... | ५०२,३२० |
| ७० | | | **वाँकी रकम फिर्ता नभएकोः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १४(३) सामाजिक सुरक्षा भत्ता पाइरहेका लाभग्राहिको लागी नेपाल सरकावाट सामाजिक सुरक्षा भत्ता प्राप्त हुने र प्रदेश सरकार र स्थानीय तहले आफ्नो कोषवाट कुनै पनि रकम प्रदान गर्न नपाउने व्यवस्था भएकोमा पालिकाले भौ नं २५२ वाट गत आ व को छुट भत्ता रकम भनी रु.२००००।०० भौ नं ५२३ वाट ग र घ वर्गका अपाङ्ग व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता भनी २४६५००।०० गरी जम्मा रु.२६६५००।०० नगद वितरण गरी खर्च लेखेको छ।यसरी कार्यविधी विपरित खर्च लेखेको रकम अनियमित देखिएको रु. | २६६,५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **मृत्यू भएका व्यक्तीको भत्ता निकासाः**<br>सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तीको मृत्यू भएका उक्त लाभग्राहीलाई भत्ता पाउने सुचीवाट हटाई मृत्यू भएको दिनदेखी भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले चौमासिक भत्ता वितरण गर्दा देहायका व्यक्तीको मृत्यूपश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु... | ४७,००० |

| सि नं | लाभग्राहीको प्रकार | लाभग्राहीको नाम | वडा नं | मृत्यू मिति | वढी वुझेको रकम | वढी वुझेको चौमासिक |
|---|---|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक | भिम व दमाई | ७ | ०७७।६।२८ | ३००० | प्रथम |
| २ | ज्येष्ठ नागरिक | विष्णुमाया आले | ७ | ०७७।५।१ | ९००० | प्रथम |
| ३ | ज्येष्ठ नागरिक | डिल वहादुर थापा | ७ | ०७७।४।१० | ११००० | प्रथम |
| ४ | ज्येष्ठ नागरिक | डिल वहादुर थापा | ७ | ०७७।४।१० | २४००० | दोस्रो र तेस्रो |
| | जम्मा | | | | ४७००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२ | | | **परामर्श सेवा खरिदमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन।** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७२.१</td><td></td><td></td><td>
पालिकाको कार्यालयले यस बर्ष तपिसलका डि.पि.आर कार्यका लागि विभिन्न परामर्श दातासँग सम्झौता गरी देहायअनुसार परामर्श खर्च लेखेको छ।
<table>
<tr><th>भौ नं</th><th>कामको विवरण</th><th>परामर्श दाता</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४७५</td><td>लेखा सम्वन्धी सफ्टवेयर निर्माण</td><td>सफ्टवेयर हव नेपाल</td><td>२०००००</td></tr>
<tr><td>३९४</td><td>कालिगण्डकी र सेती नदिका १६ वटा घाटहरुको IEE</td><td>वन्दिपुर कन्सल्टेन्सी</td><td>४९८८९५</td></tr>
<tr><td>४७३</td><td>औधोगिक ग्रामको IEE</td><td>प्रोग्रेसिभ इनिसियटिभ</td><td>४९९०००</td></tr>
<tr><td>४७४</td><td>औधोगिक ग्रामको थप डि पि आर</td><td>आर डी इन्जिनियरिङ कन्सल्टेन्सी</td><td>९९०००</td></tr>
<tr><td>४००</td><td>आवधिक योजना निर्माण</td><td>स्ट्रेन्थ डेभलपर्स प्रा लि</td><td>१९९८६०७</td></tr>
<tr><td>१</td><td>आधारभुत स्वास्थ्य केन्द्रको डि पि आर</td><td>ग्रिन डिजाइन सोलुशन</td><td>९७६०३७</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४२७१५३९</td></tr>
</table>
यस सम्वन्धमा निम्नानुसार देखिएको छ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७२.२ | | | **(क) परामर्श सेवाको लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन।<br>**(ख)सोझै खरिद कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा बीस लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र वीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ। कार्यालयले पालिका भित्रका उपरोक्त योजनाको डि.पि.आर कार्यको लागि २० लाख भित्र पारी लागत अनुमान तयार गरी सोझै खरिद गरी रु ४२७१५३९।०० भुक्तानी दिएको छ। पालिका भित्रका योजनाको डि.पि.आर कार्यको लागि एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि पटक पटक सोझै खरिद कार्य गरेको, पालिकाले गरेको परामर्श सेवाको लागत अनुमान तयार गर्दा माथि उल्लेखित आधार नलिएको र प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेकोले उक्त कार्यको लागि भएको भुक्तानी रकम नियमसंगत देखिएन।<br>**(ग)वाह्य परामर्शदातावाट कामः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न थुप्रै जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाह्य परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई रु ४२७१५३९। थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन।<br>(घ) **डीपीआर कार्यन्वयनः** पालिकाको कार्यलयले यस बर्ष योजनागत खर्च शिर्षकमा एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या अनुसार पुजीगत खर्च शिर्षकमा राखी वजेट विनियोजन गर्नुपर्नेमा चालुमा राखी कार्यक्रम तयार गरेको छ भने चालुमा राखेकोमा समेत कुन कार्यक्रम हो नखुलाइ एकमुष्ट रुपमा सेवा तथा परामर्श शिर्षकमा वजेट राखेको छ। परामर्श सेवाको लागि योजनागत रुपमानै बजेट पारित नगरी एकमुष्ट परामर्श खर्च गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२.३ | | | **डि पि आर पश्चात प्रारम्भिक वातावरणीय परिक्षण**ः औद्योगिक ग्राम घोषणा तथा सन्चालन सम्वन्धी कार्यविधि, २०७५ को दफा २२ मा औद्योगिक ग्राम स्थापना तथा विकास गर्दा प्रचलित कानुन वमोजिम प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणिय प्रभाव मुल्यांकन सम्पन्न गरेपछि मात्र औद्योगिक ग्राम स्थापना तथा विकासको कार्य गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रारम्भिक वातावरणीय परिक्षणको कार्य नगरी डिपिआरको काम सम्पन्न गरी गत आ व मा भौ नं २७२।२०७७।०३।१८ मा रु.१६०००००।०० भुक्तानी गरेको छ। डि पि आर पश्चात औधोगिक ग्रामको ठेक्का सम्झौता गरी भुक्तानी समेत भईसकेको अवस्थामा डि पि आर अगाडी गर्नुपर्ने प्रारम्भिक वातावरणीय परिक्षण यस आ व मा गरी प्रोग्रेसिभ इनिसियटिभलाई रु.४९९०००।०० भुक्तानी गरेको छ। यसरी ठेक्का सम्झौता समेत भई कार्यान्वयनको चरणमा रहेको आयोजनाको प्रारम्भिक वातावरणिय परिक्षण गरी भुक्तानी गर्नु अनियमित देखिएको रु... | ४९९,००० |
| ७२.४ | | | **थप डि पि आर वापत भुक्तानीः** सार्वजिनक खरिद ऐन २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकिएको परिस्थितिमा कारण खुलाई अधिकार प्राप्त अधिकारिले भेरिएशन आदेश गर्न सक्ने व्यवस्था छ।कार्यालयले औधोगिक ग्रामको डि पि आर वापत आ व २०७६।७७ मा भौ नं २७२ वाट आर डी इन्जिनियरिङ कन्सल्टेन्सीलाई १६०००००।०० भुक्तानी भई डि पि आर अनुसार ठेक्का सम्झौता भई विल भुक्तानी भइसकेपछी गत वर्ष सम्झौता गरी सम्पुर्ण भुक्तानी भएको परामर्शदातालाई प्राविधिक पुष्ट्याइ वेगर पुन औधोगिक ग्रामको थप डि पि आर वापत रु ९९०००।०० भुक्तानी गरेको छ। यस सम्वन्धमा पालिकाका प्राविधिकसंग छलफल गर्दा सो सम्वन्धमा जानाकारी नभएको र सुरुवातको डि पि आर अनुसार नै कार्य भएको जानाकारी दिइएकोले प्राविधिक पुष्ट्याई वेगर भुक्तानी भएको परामर्श खर्च असूल गर्नुपर्ने रु.. | ९९,००० |
| ७२.५ | | | **कार्यक्षेत्रगत शर्तनामा अनुसार कार्य नभएकोः** कार्यालयले कालिगण्डकी र सेती नदिका विभिन्न १६ घाटहरुको प्रारम्भिक वातावरणीय परिक्षण गर्न वन्दिपुर कन्सल्टेन्सीसंग रु.४९८८९५।०० मा सम्झौता गरी कार्यादेश दिएकोमा परामर्शदाताले पेश गरेको प्रतिवेदनमा १५ घाटको मात्र प्रतिवेदन प्राप्त भएको र सम्झौतावमोजिमको कालि नदी वाहवको सोलुङ्गघाटको प्रारम्भिक वातावरणिय प्रतिवेदन पेश नभएकोले नभएको कार्यको भुक्तानी भएको रकम दामाशाहिले असूल गर्नुपर्ने रु.. | ३१,१८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२.६ | | | **एकिकृत स्वास्थ्य पुर्वाधार**<br>**वढी भुक्तानीः** १।२०७८।०१।२१ सार्वजनिक खरिद नियमावलीको नियम १२ मा परामर्श सेवाको लागत अनुमान सम्वन्धमा व्यवस्था गरिएको छ।यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्वन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स वमोजिम र मुख्य जनशक्तिको र अन्य जनशक्तिको पारिश्रमिक लगायतका कुराहरु खुलाई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले लागत अनुमान तयार गरी प्राविधिक र आर्थिक प्रस्ताव माग गरी आधारभुत स्वास्थ्य केन्द्रको डि पि आर गरेकोमा लागत अनुमानको मुख्य जनशक्तिमा खण्डमा सिभिल इन्जिनियर २ जना राखि लागत अनुमान स्विकृत गरेको देखिन्छ।प्राविधिक र आर्थिक प्रस्ताव मुल्यांकन गरी ग्रिन डिजाइन सोलुसन संग सम्झौता गरी परामर्श सेवा खरिद गरेकोमा परामर्शदाताले पेश गरेको प्राविधिक प्रस्तावको मुख्य जनशक्तिमा सिभिल इन्जिनियर राखेको पाइएन। यसरी लागत अनुमान तथा नर्म्सवमोजिम २ जना सिभिल इन्जिनियर राखेको र सो वापत आर्थिक प्रस्तावमा सिभिल इन्जिनियरको पारिश्रमिक रु ६२५०० मा मु अ कर समेत थप गरी भुक्तानी गरेको देखिन्छ।स्विकृत नर्म्स वमोजिम जनशक्ति नभएको प्राविधिक प्रस्तावको मुल्यांकनवाट छनौट गरी भुक्तानी गर्ने कार्य त्रुटिपुर्ण देखिन्छ।साथै प्राविधिक प्रस्तावमा उल्लेख नभएको जनशक्तिको आर्थिक प्रस्तावमा समावेश गरी भुक्तानी गरिएको सिभिल इन्जिनियरको पारिश्रमिक वापतको रकम मु अ कर सहित असूल गर्नुपर्ने रु.. | ७०,६२४ |
| ७३ | | | **स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रमः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३.१ | | | यस कार्यक्रम अन्तर्गत रु ७००००००। अख्तियारी प्राप्त गरी रु ६६९४८००। खर्च गरेकोछ । यसमा देखिएको ब्यहोरा निम्नानुसार छन् ।<br>सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ९७ (९) उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोर, डोजर, ग्रेडर विट्ुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन । तर, लागत अनुमान तयार गर्दाको समयका हेभी मेशीन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा गाउँपालिकाबाट सहमति लिई त्यस्ता मेशीन प्रयोग गर्न सकिनेछ । नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण ब्यवसायी वा सबकन्ट्याक्टरबाट गराउन सकिने छैन भन्ने ब्यवस्था छ । झोपुटार कोईदिम धवला मोटर मार्ग निर्माण को लागि स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट रु.१५००००००। विनियोजन भएकोमा रु १४५५०००। खर्च गरेको छ । उक्त कार्यगर्दा कडा चट्टान कटान, कडा माटो र नरम माटो काट्ने खन्ने कामको लागि हेभी मेशिन प्रयोग गरेको देखिन्छ । कार्यको लागि पाथीभारा सप्लायर्ससँग समितिले संझौता गरी भ्याकुलोडर मेशिनद्वारा रु १४९४७५०।बाटो निर्माण गर्ने काम गरेको देखिन्छ । जटिल प्रकृतीको कार्य भनि सम्बन्धित प्राविधीकको सिफारिस र गाऊपालिकाको सहमति लिएको नपाईएकोले कार्य नियम सम्मत देखिएन । नियमको पालना गरी उपभोक्ता समितीबाट निर्माण कार्य गरिनुपर्दछ ।<br>सोही नियमवालीको नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि गाउँपालिकाले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने ब्यवस्था भएकोमा हाल सम्म कुनैपनि योजना हस्तान्तरण भएको छैन ।नियमको पालना गरी योजना हस्तान्तरण गरी योजनाको दिगोपनको सुनिश्चिता गर्नुपर्दछ । | |
| ७३.२ | | | **वढी भुक्तानीः** साविक ७ (१ घर एक धारा) कार्यक्रमको लागत अनुमान रु ४११०३२६।३९ रहेकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु ४१२७९८१।७३ को कार्यसम्पन्न भएको देखिन्छ ।उपभोक्ता समितीले संझौता अनुसार रु ४२४३२६।३९ ब्यहोर्नु पर्नेमा रु ३९२०२९।७३ मात्र ब्यहोरेकोले घटी ब्यहोरेको रकम रु ३२२९६।६६ असुल गरी सञ्चित कोषमा दाखिला गर्नु पर्दछ । | ३२,२९७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **वस्तुगत आधार वेगर म्याद थपः**<br>सार्वजानिक खरिद नियमावली २०६४ को नियम १२०को उपनियम २ मा म्याद थपको निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले जाँचवुझ गर्न वा गराउन सक्ने ब्यवस्था छ ।नाला १ मिटर सहित चौडाई ६ मिटर र लम्बाई ७६० मिटरको झापुटार सडक दोस्रो लागत अनुमान रु ९९८४११९।३१ भएको मोटर बाटो निर्माणको लागि मिति २०७८।३।२८ सम्ममा रु ६७०३१४४।४० मूल्यमा सम्पन्न गर्ने गरी २०७७।९।२९ मा एशियन सीता जेभीसँग संझौता गरेको देखिन्छ । म्याद थपको निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले जाँचवुझ गर्न वा गराउन सक्ने ब्यवस्था भएपनि सो गरेको देखिएन । म्याद थपको टिप्पणीमा विविध कारणलाई आधार मानी म्याद थप स्वीकृती गरेको देखिन्छ तर बस्तुगत आधार पेश गरेको देखिदैन ।म्याद थपको लागि दिएको निवेदन अनुसार २०७८।९।२९ सम्म प्रथम पटक म्याद थप गरे पनि यस अवधीमा कुनै पनि कार्यप्रगती भएको देखिएन । निर्माण ब्यवसायीले पेश्की तथा अन्य रकम पनि लगेको देखिन्दैन ।कार्यालयमा म्याद थपको लागि पुनः २०७८।९।६ मा निवेदन दिएको देखिन्छ ।पटक पटक म्याद थप गर्ने तर कार्यप्रगती शुन्य रहने अवस्थाले निर्माण कार्यसम्पन्नमा ढिलाई हुने प्रवृतिको अन्त्य गर्न कार्यलयले ध्यान दिनुपर्दछ । | |
| ७५ | | | **मुल्य अभिवृद्धी कर वढी भुक्तानीः**<br>शिवसरस्वती मा वि को निर्माण कार्यको कार्य सम्पादनमा १०९९६।४२ केजी को प्रति केजी रु ११८।७५ भुक्तानी रु १२४६५७४। भुक्तान गरेकोमा ८९६० केजी रड मात्र खरिद गरेको देखिन्छ । यसबाट निर्माण कार्यको गुणस्तरीयता एवं विश्वस्नीयतामा संझौता गरेको देखिन्छ भने १८६६।४२ केजीको भ्याट सहित बढी भुक्तानी गरेको देखिन्छ ।१८६६।४२ केजीको प्रति केजी रु १३।६६का दरले मूल्य अभिवृद्धि कर बढी भुक्तानी भएको रु २५४९५।२९ असुल गरी संधीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ । | २५,४९५ |
| ७६ | | | **वढी भुक्तानीः**<br>सार्वजानिक खरिद ऐन, २०६३ को दफा ५७ मा सार्वजानिक निकायले बिल बिजकको भुक्तानी खरिद सम्झौताको अधीनमा रही तोकिए बमोजिम दिनु पर्ने ब्यवस्था छ । झापुटार सडक ( झापुटार देखि काहुँ जोड्ने) कार्यको वीमा वील रु २०७७८।४४ को पेश भएको आधारमा रु १२५०००।भुक्तानीगरेकोले बढी भुक्तानी भएको रकम रु १०४२२२। असुल गर्नुपर्दछ । | १०४,२२२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७७ | | | **तलवि प्रतिवेदन वेगरको खर्च**<br>संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० मिति २००७६।५।१८ गतेको परिपत्र वमोजिम स्थानिय तहका कर्मचारी र संघबाट काजमा स्थानिय तहमा कामकाज गर्न खटाईएका कर्मचारिहरुको तलवि प्रतिवेदन नेपाल सरकारको मिति २०७६।५।१८ गतेको निर्णयवमोजिम सम्वन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने उल्लेख भएकोमापालिकाले आ व २०७७।७८ मा सशर्तबाट तलव भुक्तानी गर्ने कर्मचारीको तलवी प्रतिवेदन पारित नगरि रु ८७ लाख ८९ हजार खर्च गरेको छ । पालिकाले तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भुक्तानी गर्न तर्फ ध्यान दिनुपर्दछ । | |
| ७८ | | | **आवश्यकता भन्दा वढी खर्च**<br>३।०७७।६।९ विद्यालय स्वास्थ्य शिक्षा,आमा समुह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्ध्दन अभियान कार्यक्रम अन्तर्गत विद्यालयमा चेतनामुलक कार्यक्रम, आमा समुह अभिमुखिकरण कार्यक्रम र सामाजिक व्यवहार परिवर्तन गर्ने क्रियाकलापमा खर्च गर्न मिल्ने व्यवस्था छ । पालिकाले यस कार्यक्रम अन्तर्गत भाइव्रेशन मिडिया प्रा लि रु ९९४४० जनचेतनामुलक अडियो वनाए वापतको भुक्तानी गरेको छ ।जसमध्ये १५ वटा स्टोरमा नै रहेको र १ वटा मात्र प्रयोगमा आएको देखिएकोले प्रति अडिय ५५०० का दरले १५ वटाको रु ९३२२५ (भ्याट सहित) खर्च आवश्यकता भन्दा वढी सामान खरिद गर्दा लागेको छ । कार्यसंचालन निर्देशिकले तोकेको सवै क्षेत्रमा आवश्यकताका आधारमा खर्च गर्न तर्फ कार्यालयले ध्यान दिनु पर्छ । | |
| ७९ | | | **विलभरपाई वेगरको खर्च**<br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९(५) मा सार्वजनिक निकयाले सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टी गर्ने विल भरपाई तथा खर्च प्रमाणित गर्ने कागजात संलग्न गरी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा फलफुल दशक अन्तर्गत स्थानिय तहमा सुन्तलाजात विरुवा रोपण अभियान कार्यक्रम (५०%) मा कृषकको लागत सहभागीता सहितको लागत अनुमान तयार गरेकोमा खर्चको भुक्तानी दिदाँ पालिकाको अंशमा पर्नेको मात्र विल समावेश गरेकोले कृषकको लागत सहभागीता भएको भनी सुनिश्चित हुने अवस्था नरहेकोले यस कार्यक्रममा पालिकाबाट भुक्तानी भएको रु ५३५४५६ वरावरको कृषकको लागत सहभागीता देखिने कागजात पेश गर्नुपर्ने अन्यथा पालिकाले भुक्तानी गरेको रकमको ५० प्रतिशत असुल गर्नुपर्ने रु | २६७,७२८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८० | | | **सुरक्षीत नागरिक आवास कार्यक्रमः**<br>सुरक्षित नागरिक आवास कार्यविधी २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) वमोजिम स्थानिय तहसंग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहको छ।पालिकाले यस वर्ष १०८ जना लाभग्राहीलाई प्रथम किस्तावापत रु ३०००० का दरले सुरक्षीत नागरिक आवास अनुदान रकम वापत जम्मा रु.३२४००००।०० उपलव्ध गराएकोमा अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन मुल्यांकन गरी आवास निर्माण कार्य सम्मन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ८१ | | | **कार्यक्रम विपरीतको खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा १९(२) मा स्वीकृत वजेट तथा कार्यक्रमको अधिनमा रहि बजेट कार्यान्वियन गर्ने व्यवस्था छ । २१२।०७७।१२।१० पालिकाले स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यन्वयन, सुद्रिढीकरण तथा समिक्षा कार्यक्रम अन्तर्गत पालिका भित्र रहेका स्वास्थ्य चौकीको अवस्था समिक्षा गरी कमजोर अवस्था देखिएमा समस्या पहिचान गरी समाधानको लागी आवश्यक औजार, उपकरण लगायतका अन्य सामाग्रीहरु खरिद गर्न सकिने व्यवस्था छ तर पालिकाले यस कार्यक्रमबाट स्वास्थ्य सामाजिक परिक्षण भनि आर जि विज्ञापन सेवाबाट रु १ लाखको सेवा परामर्श खरिद गरेकोमा स्वास्थ्य सामाजिक परिक्षण स्वास्थ्यमा भन्दा पनि समग्र कार्यलयको समिक्षामा वढी केन्द्रित भएर गरेको छ ।स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यन्वयन गर्न शशर्तमा प्राप्त वजेट कार्यक्रम विपरितको क्षेत्रमा खर्च गरेकोले अनियमित देखिएको रु | १००,००० |
| ८२ | | | **फलफुल वितरण**<br>पालिकाले कृषकलाई फलफुल तथा विरुवा वितरणको अनुदान दिँदा भौ नं ८ बाट जम्मा विल रु ४२१४३० रहेकोमा पालिकाले रु २८०००० मात्र भुक्तानी गरेको छ तर अनुदान वितरण गर्दा कृषकको योगदान कति प्रतिशत रहने उल्लेख नभएको र लेखापरीक्षणको क्रममा कृषि अनुदान वितरण सम्वन्धी कार्यविधि समेत पेश नगरेकोले कृषकको योगदान कति हुने भन्ने एकिन गर्न सकिएन शिवजि कृषि फर्मबाट एभोकाडो १४१९ वटा रु २२० का दरले र कफि २१८५ वटा रु ५० का दरले खरिद गरि वितरण गरेको विलमा देखिन्छ । विरुवा खरिद गर्दा प्रति विरुवाको दर कुनलाई आधारमानि खरिद गरिएको हो स्षष्ट प्रमाण समावेश नभएकोले राष्ट्रिय फलफुल विकास केन्द्रको नर्म्समा एभोकाडो विरुवा रु १०० र कफिको रु २५ दर तोकिएकोले केन्द्रिय नर्म्स अनुसार एभोकाडो र कफि खरिदको भुक्तानि विल रु २१०७१५ मात्र हुनु पर्नेमा रु २८०००० भुक्तानी भएकोले पालिकाले विरुवा वितरण गर्दा प्रति विरुवाको दर कुनलाई आधारमानि खरिद गरेकोहो कानुनी आधार भएको नर्म्स पेश गर्नुपर्ने अन्यथा केन्द्रिय नर्म्स अनुसार वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु | ६९,२८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | **मेड्पा कार्यक्रम**<br>गरिवि निवारणका लागी लद्यु उद्यम विकास कार्यक्रम कार्यसञ्चालन निर्देशिका २०७७ (४१)माउद्यमिलाई उपलब्ध गराउने प्रविधिमा कुल लागतको कम्तिमा २० प्रतिशत लागत उद्यमिले व्यहोर्नु पर्ने व्यवस्था छ ।पालिकाले गरिवि निवारको लागि लद्यु उद्यम विकास कार्यक्रम अन्तर्गत सिलाई कटाई सम्बन्धि तालिम संचालन गर्नको लागि सिलाई मेसिन १३ वटा रु १८८५०० मा र ढाका वुनाइ तालिम संचालन गर्न जेकार्ड मेसिन ६ वटा १५०००० मा खरिद गरेको छ तर तालिम कार्यक्रम पश्चात प्रविधि हस्तान्तरण गर्दा निर्देशिकमा उल्लेख भए वमोजिमको लागत सहभागि नगराइ प्रविधि हस्तान्तरण गरेको छ । पालिकाले कार्यक्रम र खर्चको भुक्तानी दिदा कार्यक्रम निर्देशिकामा उल्लेख भएका शर्त पालन गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ८४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीयतहमासूचीकृतबेरोजगारव्यक्तिलाईन्यूनतमरोजगारीप्रत्याभूतगराउनएवम्सामूदायिकपूर्वाधारहरुकोविकासमार्फतनागरिककोजीवनयापनमासुधारल्याउने उद्वेश्यलेस्थानीयतहभित्रप्रधानमन्त्रीरोजगारकार्यक्रमसञ्चालनमारहेकोछ।यसकार्यक्रमअन्तर्गतस्थानीयतहभित्रकावडाहरुमा सडक ढलान,साईकल लेन निर्माण तथा सिढि निर्माण काम लगायतका १५ वटानिर्माणकाकार्यक्रमसञ्चालनगरीयसवर्ष १९६ जनाले वेरोजगारको सुचिमा दर्ता गराएकोमा ७६ जनालाई रोजगारी उपलव्ध गराई रु. ३४ लाख ८५ हजार खर्च गरेको छ । उक्तखर्चवाटलक्षितवर्गमाअल्पकालीनरोजगारीसृजनाभएतापनिकामकोदीगोपनातथादीर्घकालीनरोजगारीसृर्जनाभएकोदेखिंदैन। | |